# खानेपानी, सरसफाई तथा स्वच्छता योजना
# मायादेवी गाउँपालिका
# कपिलवस्तु

कार्तिक २०७७

मायादेवी गाउँपालिका
गाउँपालिका वास समन्वय समिति
कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# बिषयसुची


१. मायादेवी गाउँपालिका, संक्षिप्त परिचय ........ 7
२. गाउँपालिका खानेपानी सरसफाइ तथा स्वछता योजना ........ 8
३. गाउँपालिका वास योजनका चरणहरु ........ 8
४. मायादेवी गाउँपालिकाको खानेपानी अवस्था ........ 9
  ४.१ पानीको प्राथमिक श्रोतहरु ........ 9
  ४.२ पानीको उपलब्धता ........ 11
  ४.३ पानी भर्न लाग्ने समय को आधारमा पानीको पहुच ........ 12
  ४.४ पानीको गुणस्तर ........ 13
५. मायादेवी गाउँपालिकामा सरसफाइको अवस्था ........ 14
  ५.१ घरधुरी सरसफाइ ........ 14
  ५.२ घरधुरी सरसफाइ सूचक ........ 15
  ५.३ फोहोर मैला बेवस्थापन ........ 16
  ५.४ फोहोर सन्कलन सुबिधा ........ 16
६= खानेपानी, सरसफाइ तथा स्वछता योजना ........ 18
  ६=१ खानेपानी, सरसफाइ तथा स्वछता योजना लक्ष्य ........ 18
    ६=१=१ दुरदृष्टि (सोच) ........ 18
    ६=१=२ परिलक्ष्य (ध्यय) ........ 18
  ६=२ खानेपानी, सरसफाइ तथा स्वछता योजनाको उदेश्यहरु ........ 18
  ६=३ खानेपानी, सरसफाइ तथा स्वछता योजनाको समयाअवधी ........ 19
  ६=४ खानेपानी, सरसफाइ तथा स्वछता योजनाको कार्यनवयन राणनिती ........ 21
७= खानेपानी योजना (पहिचन र प्राथमिकिकरण, निर्माण तथा स्तरोन्नती) ........ 23
  ७=१ राणनीतिक कार्यहरु ........ 23
  ७=२ कार्ययोजना ........ 24
  ७=३ खानेपानी योजना प्राथमिकिकरण ........ 25
    ७.३.१ नयाँ खानेपानी योजनाहरु ........ 26
८= सरसफाइ तथा स्वछता योजना ........ 26
  ८=१ परिकल्पना ........ 26
  ८.२ औचित्य ........ 26
  ८.३ नारा ........ 27
  ८.३.१ गाउँपालिकाको पूर्ण सरसफाइ सम्बन्धी अन्य नाराहरु ........ 27
  ८.४ लक्ष्य र अवधी ........ 28
  ८.५ उदेश्य ........ 28

८.६ राणनीतिक कार्यहरु....29
८.७ कार्यनीतिहरु ....30
८.८ पूर्ण सरसफाइ उन्मुख समुदाय कार्ययोजना....31
८.८.१ अपेछित उपलब्धीहरु ....34
८.९ पूर्ण सरसफाइ उन्मुख....34
८.९.१ राणनीतिक कार्यहरु....34
८.९.२ कार्ययोजना....35
८.९.३ अपेछित उपलब्धीहरु....36
८.१० कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा खानेपानी सरसफाइ तथा स्वछता ....36
८.१०.१ रणनीतिक कार्यहरु ....36
८.१०.२ सरकारी तथा गैर सरकारी कार्यालयहरुमा पूर्ण सरसफाइ{ प्रबर्धन कार्ययोजना ....36
८.१०.३ अपेछित उपलब्धीहरु ....38
८.११ स्वास्थ्य संस्था सरसफाइ प्रबर्धन कार्ययोजना....38
८.१२ शहरी क्षेत्रमा सरसफाइ सामाग्रीको बजारिकरण र सरसफाइ प्रबर्धन कार्ययोजना ....40
८.१२.१ अपेछित उपलब्धीहरु ....41
८.१३ सुरक्षित खानाको प्रयोग सम्बन्धी व्यवहार प्रबर्धन र खाद्य सुरक्षा कार्ययोजना....42
८.१४ सरसफाइ योजना (पहिचान, निर्माण तथा स्तरोन्नती) ....42
८.१५ महिनावारि स्वछता प्रबर्धन योजना....43
८.१६ साबुन पानीले हात धुने] कार्ययोजना....43
८.१७ पूर्ण सरसफाइ का सुचक, घोषणा र प्रमाणिकरन प्रक्रिया....43
९. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना....46
९.१ विपद जोखिम व्यवस्थापन....46
९.२ जलवायु परिवर्तन अनुकुलन....47
१०. शिप तथा क्षमता बिकास योजना....49
१०.१ पालिक स्तर क्षमता बिकास योजना ....49
१०.२ समुदाय स्तर क्षमता बिकास योजना ....51
११. पुरक बिषय सवाल (Cross cutting Issues) र सम्बोधन योजना ....51
११.१ लैङ्गिक तथा समवेशिकरण मुल प्रबाहिकरण ....51
११.२ प्रयोगकर्ता मैत्री सम्रचना निर्माण योजना....52
११.३ खानेपानी, सरसफाइ र स्वछताका अन्तरनिहित बिषयहरु र सम्बोधनका उपायहरु....53
१२. अनुगमन मुल्याङ्कन र वाश योजना पुनरावलोकन....55
१२.१ योजना कार्यनवयन अवधारणा....56
१२. २ अनुगमन योजना ....56
१३. योजना परिमार्जन....57
१४. वास योजना स्विकृती र अवधी ....57

# चित्रसुची

चित्र 1: गाउँपालिका वोडा बिभाजन ....................................................................................................7
चित्र 2: जनसांखिक विवरण ....................................................................................................7
चित्र 3: खानेपानीका प्राथमिक श्रोतहरु ....................................................................................................10
चित्र 4: वोडागत रुपमा खानेपानीको बेवस्था ....................................................................................................10
चित्र 5: पानीको उपलब्धता ....................................................................................................11
चित्र 6: (क) (ख) (ग) : वोडागत रुपमा पानीको उपलब्धता ....................................................................................................12
चित्र 7: गाउँपालिका पानी भर्न लाग्ने समय ....................................................................................................12
चित्र 8: वडागत रुपमा गाउँपालिका पानी भर्न लाग्ने समय ....................................................................................................13
चित्र 9: पानीको गुणस्तर आर्सेनिक टेस्ट ....................................................................................................13
चित्र 10: पानीको गुणस्तर Turbidity टेस्ट ....................................................................................................13
चित्र 11: शौचालयको बेवस्था ....................................................................................................14
चित्र 12: खुल्ल दिशा ....................................................................................................15
चित्र 13: वोडागत सरसफाइ सूचक ....................................................................................................15
चित्र 14: फोहोर मैला बेवस्थापन ....................................................................................................16
चित्र 15: वोडागत रुपमा फोहोर को बेवस्थापन ....................................................................................................16
चित्र 16: फोहोर सन्कलन सुबिधा ....................................................................................................17
चित्र 17: आँफै बेवस्था गरिने फोहोर ....................................................................................................17

## १. मायादेवी गाउँपालिका, संक्षिप्त परिचय

नेपालको संघिय संरचना अनुसार लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्ला भित्र पर्ने मायादेवी गाउँपालिका जिल्ला सदरमुकाम भन्दा १० कि.मी. पूर्वमा अवस्थित रहेको छ । यो गाउँपालिकाले पूर्वमा कपिलवस्तुको शुद्धोधन गाउँपालिका, पश्चिममा कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिका, उत्तरमा बाणगंगा नगरपालिका र दक्षिणमा भारत उत्तर प्रदेशको अलिगढवा पर्दछ । मायादेवी गाउँपालिका वि.स. २०७३ सालमा मा गठन भएको हो । यस गाउँपालिका साविकको पकडी, फुलिका, अभिराव, डुमरा, विजुवा, पिपरा, हरनामपुर र बलुहवा गरी कुल ८ गा.वि.स.हरुलाई मिलाएर बनाईएको हो । यस गाउँपालिकाको क्षेत्रफल ८८.५४ बर्ग कि.मी. रहेको छ । राजा शुद्धोधनको राजधानी तिलौराकोटवाट रानी मायादेवी आफ्नो माईत देवदह यही भुमी टेकेर जादै गर्दा लुम्वीनीमा भगवान गौतम बुद्धलाई जन्म दिनु भएको कारण यस गाउँपालिकाको नाम मायादेवी राखिएको हो ।




चित्र 1: गाउँपालिका वोडा बिभाजन

यो गाउँपालिकाको वडा नं ५ मा पुरातात्विक महत्वको सिसहनियाकोट, वडा नं. ७ करमहवामा कोट लगायत विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरु रहेको छ । उर्दु भाषाको महिला कलेज, ब्यवसायिक माछा पालन, ब्यवसायिक गाई पालन, वाख्रा पालन लगायत धान, गहु उत्पादनको हिसावले पनि अग्रस्थानमा रहेको छ ।

मायादेवी गाउँपालिकाको वास प्लान बनाउने क्रममा सबै घरधुरीमा पुगी गरेको सर्वेक्षण अनुसार यस गाउँपालिकामा जम्मा ७७६७ घरधुरीहरुले बसोबास गर्दछन । गाउँपालिकाको कुल जनसंख्या ५३६४६ रहेको छ र जस मध्य महिलाको संख्या २७६९४ र पुरुषको संख्या २५९५१ रहेको छ ।




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| Sum of Total number of Female | 3667 | 3747 | 3570 | 2735 | 3223 | 3092 | 2922 | 2995 |
| Sum of Total number of male | 3909 | 3910 | 3693 | 2791 | 3426 | 3582 | 3167 | 3216 |

चित्र2: जनसांखिक विवरण

मायादेवी गाउँपालिकामा विभिन्न जातजातिहरुको मिश्रित बसोबास रहेको छ, जसमध्ये मुख्य रुपमा मगर, ब्राहमण, क्षेत्री, नेवार तथा दलित पर्दछन र धार्मिक रुपमा हिन्दु धर्म मान्ने संख्याअधिक छ भने धार्मिक अल्प संख्यककारुपमा मुस्लिम धर्मावलम्वीहरुको पनि बसोबास छ ।

## २. गाउँपालिका खानेपानी सरसफाइ तथा स्वछता योजना

गाउँपालिका भित्रको खानेपानी सरसफाई र स्वच्छताको अवस्था पत्ता लगाई सन २०२८ सम्म सुरक्षित खानेपानी र सुरक्षित सरसफाई तथा स्वच्छताको लक्ष्य हासिल गर्ने उद्देश्यले गााउापालिकाले खानेपानी सरसफाई र स्वच्छता योजना निर्माण गर्ने निर्णय गरेको हो । गाउँपालिका वास योजना बनाउनुको उद्देश्य हालको खानेपानी सरसफाई र स्वच्छताको अवस्था पत्ता लगाउने, सर्वेक्षण बाट प्राप्त तथ्याङ्कको विश्लेषणगरी गाउँपालिकाको खानेपानी,सरसफाई तथा स्वच्छता को नीति तथा प्राथमिकताहरु तय गर्ने प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता श्रोत साधान को यकीन गर्ने र कार्यन्वयन, अनुगमन तथा मूल्यांकनको विधिहरु सहित दस्तावेज तयार तथा तथ्याङ्कहरु संकलन गरी गााउपालिका को निर्णय प्रक्रिया लाई सहज गराउनु हो ।

## ३. गाउँपालिका वास योजनका चरणहरु

निर्माण का मुख्य सिद्धान्तहरु स्थानीय सरकारको नेतृत्वर समुदायबाट व्यवस्थापन, तल बाट माथि हुने योजना तजुर्मा (Bottom to Top Planing) वधि, पूर्णरुपमा सहभागिता र समावेसी प्रकिया, स्थानीय तहमा क्षमता विकास, जनचेतना, सुविधास्तर पहिचान र विश्लेषण, प्राथमिक तथ्याङ्कको आधारमा मात्र प्राथमिकिकरण र निर्णयकर्ताहरुलाई सजिलो र आवश्यक मात्र सुचना संकलन हुन ।



गाउँपालिका वास योजना पााचवटा चरणका क्रियाकलाप हरु सम्पन्न गरि तयार गरिएको हो । सबै चरणका क्रियाकलापहरु गाउँपालिका, गाउँपालिका वास ईकाई र सम्पन्न भएका हुन र गाउँपालिकाले यो प्रतिवेदन तयार गरेको छ । त्यसपछि अन्य कच्चा तथ्याङ्कहरु गााउापालिकाको सम्पतिको रुपमा सुरक्षित रुपमा राखिएको छ । मोबाइल फोन सेट मा mWater Surveyor Application को प्रयोगमा गाउापालिका भित्रका सबै घरधुरी, सार्वजनिक स्थल, संस्थाहरु तथा विद्यालयहरुमा तथ्याङ्क संकलकहरु परिचालन गरी भौगोलिक अवस्था (GPS Reading) सहितको तथ्याङ्क संकलन गरिएको हो । माथि देखाइएको चित्रले गाउापालिका वास योजना तयारीका चरणहरु देखाउछ ।

यो वास योजना तयारी गाउापालिका तहको बैठक, अभिमुखीकरण, वडा तहका बैठक तथा अभिमुखीकरणहरु र तथ्याङ्क संकलकहरु परिचालन गरी mWater Surveyor Application द्वारा सवै घरधुरी, संस्था तथा विद्यालयहरुको तथ्याङ्क संकलन, वडा तहमा सार्वजनिक सुचना/नक्साहरु प्रकाशन, वडाहरुका योजना तर्जुमा बैठक र गाउापालिका तहको योजना तर्जुमा बैठक गते बसेर सम्पन्न गरिएको हो । वडा तहमा वडा वास योजना कार्यदलहरु, गाउापालिका तहमा गाउापालिका वास योजना कार्यदल र तथ्याङ्क संकलकहरुको ठुलो मेहनतले यो योजना तयार भएको हो । यो वास प्लान तयारी गर्ने कार्यमा भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५ ले आवश्यक प्राविधिक सहयोग प्रदान गरेको छ र साथै १४ जना क्षमतावान तथ्याङ्क संकलकहरु परिचालन गरि सम्पूर्ण पालिकाभरिको तथ्याङ्क संकलन गरिएको हो ।

## ४. मायादेवी गाउँपालिकाको खानेपानी अवस्था

### ४.१ पानीको प्राथमिक श्रोतहरु

यस भागमा प्रस्तुत गरिएको सबै तथ्याङ्कहरु मायादेवी गाउँपालिकामा सबै घरधुरीहरुमा गरिएको सर्वेक्षणबाट संकलन गरिएका प्राथमिक तथ्याङ्कहरु हुन । समग्रमा ९८% घरधुरीहरुको खानेपानीमा पहुच पुगेको देखिन्छ ।

७६.२२% घरधुरीहरुमा ट्यूबवेल (Shallow hand pump) छ भने २२.५४% घरधुरीहरुमा बोरिंग (Deep hand pump) को व्यवस्था रहेको छ । यस मध्य खासै घरधुरीहरुमा पाइपद्धारा खानेपानी आपूर्ति भएको छैन, जसमा ०.०९% घरधुरीहरुमा निजी धारा जडान भएको छ भने ०.८६% ले सार्वजनिक धारा प्रयोग गर्छन । साथै संरक्षण गरिएका पानीका मूलहरु, (जसलाई मूल सुधारपनि भनिन्छ) यदि नजिकै छन् भने यी पानीको श्रोतहरुलाई पनि सुरक्षित श्रोतको रुपमा स्वीकार गरिन्छ ।

एक घरधुरी (०.०१%) बर्षातको पानी संकलनमा निर्भर छ र छ घरधुरीहरु (०.०१%) ले खोला खोल्सीका पानी प्रयोग गरिरहेका छन । यस्ता घरधुरीहरु गाउँपालिकाको समग्र जनसंख्याको तुलनामा कम छन् । जम्मा जम्मी १३ (०.१७%) घरधुरीहरुलाई सुधारिएको खानेपानी सुविधा नपाएकाहरुका घरधुरीरुपमा लिन सकिन्छ ।

चित्र ४ ले वडागत रुपमा खानेपानीको अवस्था देखाउछ जहा स्पष्ट रुपमा फरकहरु देख्न सकिन्छ, । चित्रमा सुविधाबिमुख घरधुरीहरु ती हुन जसले असुरक्षित र टाढाका पानीका श्रोतहरु प्रयोग गरिरहेका छन ।




चित्र3: खानेपानीका प्राथमिक श्रोतहरु




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| Unprotected Springs | 3 | | 2 | | | 2 | | 6 |
| Shallow Hand Pump | 731 | 748 | 848 | 655 | 982 | 489 | 848 | 619 |
| Rainwater | | | | | | | | 1 |
| Protected Spring | | | 2 | | | | | |
| Private connection | 4 | | | | 3 | | | |
| Other surface water (river, pond, stream, canal ) (unimproved) | | | 2 | | 3 | | | 1 |
| Deep Hand Pump | 316 | 318 | 184 | 32 | 57 | 418 | 35 | 391 |
| Community tap | 3 | | | | 60 | | 4 | |

चित्र4: वोडागत रुपमा खानेपानीको बेवस्था

## ४.२ पानीको उपलब्धता

पानी सधै उपलब्ध हुन सक्छ भन्ने छैन । वर्षातको पानी संकलन प्रणालीको टंकी वा घैटोमा पानी छ भने यो धेरै सुविधाजनक हुनसक्छ तर यो बर्ष भरी उपलब्ध नहुन सक्छ । कुनै पानीका मुलहरुको हकमा पनि यही कुरा लागु हुनसक्छ, जुन सुख्खा समयमा सुक्छन । विशेषगरि अचेल हिउदे बर्षा व्यापक रुपमा हुन छोडेको अवस्थामा मायादेवी गाउँपालिकामा ९६.७१% प्राथमिक खानेपानीका श्रोत हरुमा बर्ष भरी पुग्ने मात्रामा पानी उपलब्ध हुने देखिएको छ ।




*चित्र5: पानीको उपलब्धता*

फेरि पनि पानीको उपलब्धता वडागत रुपमा फरक - फरक रहेको स्पस्ट रुपमा देख्न सकिन्छ (चित्र:६) ।




| | 1 | 2 | 3 |
|---|---|---|---|
| Less than 10 | 6 | 11 | 4 |
| 12 month | 987 | 928 | 941 |
| 11 to less than 12 | 16 | 3 | 9 |
| 10 to less than 11 | 6 | | 16 |

(क)




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| Less than 10 | 9 | 1 | 10 | | 40 | 2 | 2 | 56 |
| 12 month | 25 | 11 | 14 | 14 | 85 | 3 | 21 | 41 |
| 11 to less than 12 | | | 1 | | 3 | | | 7 |
| 10 to less than 11 | | | 7 | | 1 | | | 9 |

(ख)




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| Less than 10 | 6 | 21 | 5 | | 2 | | | 6 |
| 12 month | | 90 | 12 | | 3 | 4 | 5 | 41 |
| 11 to less than 12 | | 1 | 4 | | | | | 34 |
| 10 to less than 11 | 2 | | 15 | | | | | 14 |

(ग)

*चित्र6: (क) (ख) (ग) :  वोडागत रुपमा पानीको उपलब्धता*

## ४.३ पानी भर्न लाग्ने समय को आधारमा पानीको पहुच

एक पटक पानी ल्याउन लाग्ने (जाने- पर्खने-भर्ने-फर्कने) समयको आधारमा पानीमा पहुचको अवस्था यहा प्रस्तुत गरिएको छ । यो एकपटक पानी भर्नको लागि लाग्ने समय मात्र हो, वास्तुविकतामा एकपटक मात्र पानी भरेर पुर्दैन । परिवार संख्याका आधारमा सबैले पानी भर्ने काम गर्दछन भन्ने मान्यताका आधारमा औसतमा एक घरले प्रति दिन ४ देखि ६ पटक पानी भर्न जानु पर्छ । दिनमा १ पटक देखि २० पटक सम्म पानी भर्ने घरधुरीहरु पनि रहेकाछन्। मायादेवी गाउँपालिकाको समग्र अवस्था नेपालका अन्य गाउँपालिका तथा नगरपालिकाको तुलनामा राम्रो छ, तर अझै पनि धेरै घरधुरीहरुले दैनिक रुपमा पानी ल्याउनको लागि कठिनता झेलीरहेका छन् । समग्रमा गाउँपालिकाका ८२% घरधुरीहरुलाई ५ मिनेट भित्रै पानी भर्न-जाने-पर्खने भर्ने-फर्कने समय, १६.७६% घरधुरीहरुलाइ ५ देखी १५ मिनट समय लाग्ने देखिन्छ ।




*चित्र7: गाउँपालिका पानी भर्न लाग्ने समय*

चित्र: ७ ले गाउँपालिका भरीको अवस्था देखाउछ भने चित्र : ८ ले वडागत रुपमा देखाउछ ।




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| Up to 5 minutes (could be community tap) | 878 | 939 | 903 | 571 | 955 | 763 | 739 | 643 |
| Private connection | | | | 9 | | 1 | 11 | |
| Over 5 to 15 minutes | 173 | 125 | 108 | 107 | 143 | 143 | 129 | 374 |
| Over 30 minutes | | | 1 | | | | 4 | |
| Over 15 to 30 minutes | 6 | 2 | 26 | | 7 | 2 | 4 | 1 |

*चित्र8: वडागत रुपमा गाउँपालिका पानी भर्न लाग्ने समय*

## ४.४ पानीको गुणस्तर

पानीको गुणस्तर पानी आपूर्तिको सेवास्तर मापन गर्ने एउटा प्रमुख सूचक हो । यस अवस्थामा पानी परीक्षण गर्दा पानीमा आर्सेनिक को मात्र कती छ भन्ने थाहा पाउन सकिन्छ जस्ले पानी को गुणस्तर देखाउछ । आर्सेनिकको मात्रा धेरै भएमा सो पानी पिउनाले स्वथ्यमा निकै हनिकरक छ भन्ने बुझाउछ ।

सर्वेक्षण अनुसार ९८.४६% घरधुरिहरुमा पानी जाच नै गरिएको छैन, र गरिएको मध्हे ०.१५% घरधुरिहरुमा धेरै अर्सेनिक रहेको छ ।




*चित्र9: पानीको गुणस्तर आर्सेनिक टेस्ट*




*चित्र10: पानीको गुणस्तर Turbidity टेस्ट*

त्यसैगरि पानी को धमिलोपन को आधारमा पनि पानी को गुणस्तर पत्ता लगाउन सकिन्छ । बिशेषगरी धेरै धमिलो पानी पिउन को लागि उपयुक्त हुँदैन । चित्र मा Turbidity को मात्रा पनि देखाइएको छ ।

८८% घरधुरी हरुमा पानी बर्ष भरी सफा देखिन्छ भने ५% मा बर्षात को समय मा धमिलो रहन जान्छ र ७% मा बर्ष भरी नै धमिलो पानी छ। येस्ले ७% घरधुरी हरुमा गुणस्तर पानी को बेवस्था छैन भन्ने बुझाउछ ।

## ५. मायादेवी गाउँपालिकामा सरसफाइको अवस्था

### ५.१ घरधुरी सरसफाइ

यस भागमा प्रस्तुत सबै तथ्यांकहरु मायादेवी गाउँपालिकामा २०७७ मा सबै घरधरीहरुमा सर्वेक्षणबाट संकलन गरिएका प्राथमिक तथ्याङ्कहरु हुन् । कपिलवस्तु जिल्ला खुल्ला दिसामुक्त भैसकेकोले मायादेवी गाउँपालिका पनि खुल्ला दिशा मुक्त क्षेत्र घोषित गाउँपालिका हो । यसकारण सैद्धान्तिक रुपमा शत प्रतिशत जनसंख्यामा सरसफाईको पहुच हुनुपर्छ तर अझै ठयाक्कै तेस्तो अवस्थ भएको तलका प्रमाणहरु कारण भन्न सकिदैन ।

जम्मा ७७६७ घरधुरी मध्य २४% घरधुरीमा शौचालय छैनन। ८% घरधुरीसंग अरुसंग साझेदारी गरिएका पक्कि शौचालय छन् भने बाँकी ६८% घरधुरीमा अरु कुनै घरधुरी संग साझेदारी नगरिएका सुधारिएका पक्कि शौचालय छन् । ति ६८% मध्हे पनि बिभिन्न किसिम सुधारिएका शौचालयहरु चित्रमा देख्न साकिन्छन् ।




*चित्र 11: शौचालयको बेवस्था*

शौचालयको ब्यवस्था हुँदा हुँदै पनि बच्चा, ब्रिद्ध र महिनाबारी भएका महिलाहरुले खुल्ल दिशा गर्ने प्रचलन अजै रहेको छ । बिशेष गरी वडा न. १ मा यो समस्या धेरै देखिन्छ ।




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| Women during mensuration | 3 | 1 | | 9 | | 1 | | 7 |
| Child, Elderly or Disable , Women during mensuration | 8 | 1 | 4 | 3 | 1 | | 3 | 3 |
| Child, Elderly or Disable | 7 | | | 2 | | | | |
| Child | 3 | | 3 | | | | 1 | 1 |

*चित्र 12: खुल्ल दिशा*

## ५.२ घरधुरी सरसफाइ सूचक

सरसफाई सूचक भन्नाले सरसफाईको सबै सुबिधहरु प्रयोग भएकोलाई भनिन्छ । बिशेष गरी येस्मा सफा घर र बगैचा, फोहोर फल्ने बेवस्था, हात धुने सबुन र पानी, सुधारिएको चुलो, स्वस्थ खाना, लुगा धुने ठाउँ आदी को बेवस्था भएको घरधुरी हरुलाई उच सरसफाइ को सुची मा राखिन्छ ।

तलको चित्र अनुसार ७७६७ घरधुरी मध्हे मात्र १२६ घरधुरीहरुमा यो सम्पूर्ण सूचक पुरा भएको देखिन्छ भने बाँकी ७६४१ घरधुरी मा यि सरसफाई को सुबिधा पुग्न बाँकी नै छ। वडा न. ४ मा भने सबै भन्दा धेरै सरसफाइ भेटिएको भएको छ ।




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| All sanitation indicator are not fulfilled | 1038 | 1066 | 1034 | 597 | 1105 | 909 | 886 | 1006 |
| All sanitation indicator are fulfilled | 19 | | 4 | 90 | | | 1 | 12 |

*चित्र13: वोडागत सरसफाइ सूचक*

## ५.३ फोहोर मैला बेवस्थापन

सफा बातावरण र स्वछ हावापानी को लागि फोहोर मैला बेवस्थापन एउटा सबै भन्दा ठुलो कार्य हो। फोहोर को राम्रो बेवस्थापन हुनाले बिभिन्न रोग हरु लाग्न बाट बाँच्न सकिन्छ। मायादेवी गाउँपलिका मा बिशेष गरी कुहिनीए र नकुहिनीए फोहोर छुटाउने प्रचलन छैन, केही घरधुरी हरुले मात्र यो तरिका प्रयोग गर्नु भएको छ। ९४% घरधुरी हरुले एउटै थुप्रो बनाएर खाल्डो अथवा एउटा भाडो मा राख्नुहुन्छ भने ४% ले कुहिनीए र नकुहिनीए फोहोर छुटाउनु हुन्छ र २% ले कुहिनीए र नकुहिनीए सङ्सङै पुन: प्रयोग योग्य फोहोर लाई पनि छुटाउनु हुन्छ।




*चित्र 14: फोहोर मैला बेवस्थापन*

वोडागत रुपमा फोहोर को बेवस्थापन तल चित्र मा देखाइएको छ ।




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| Collected in a single Dustbin/Pit | 204 | 270 | 10 | 229 | 580 | 12 | 350 | 130 |
| 3 set of Collection (Degradable, Non-degradable & Recyclable) | | 1 | 1 | 9 | | 21 | 6 | 1 |
| 2 set of Collection (Degradable, Non-Degradable) | 9 | | | 55 | | 2 | 4 | 4 |

*चित्र 15: वोडागत रुपमा फोहोर को बेवस्थापन*

## ५.४ फोहोर सन्कलन सुबिधा

नगरपालिका र निजी संस्थान बाट फोहोर सन्कलन धेरै ठाउँ मा हुँदै गएको छ तापनी कतिपय ठाउँ मा यो सुबिधा नहुनाले आँफै बेवस्था गर्ने चलन पनि अबगत नै छ । मायादेवी गाउँपालिका मा ९८% फोहोर आँफै बेवस्था गरिन्छ।

बाँकी २% भने मात्र नगरपालिका (३६ घरधुरी) र निजी संस्थान (४८ घरधुरी) बाट सन्कलन हुन्छ। वोडागत रुपमा फोहोर को बेवस्थापन तल चित्र मा देखाइएको छ ।




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| Self Disposal | 1049 | 1063 | 1037 | 638 | 1099 | 904 | 880 | 1013 |
| Private Sector | | 1 | | 45 | | 2 | | |
| Municipality | 8 | 2 | 1 | 4 | 6 | 3 | 7 | 5 |

*चित्र 16: फोहोर सन्कलन सुबिधा*

तेसैगरी आँफै बेवस्था गरिने फोहोर मध्हे ५८% बाल्ने अथवा खल्डो मा गाड्ने गरिन्छ र ४२% खुल्ला फालिन्छ।




*चित्र 17: आँफै बेवस्था गरिने फोहोर*

## ६. खानेपानी, सरसफाइ तथा स्वछता योजना

### ६.१ खानेपानी, सरसफाइ तथा स्वछता योजना लक्ष्य

नेपालमा वास क्षेत्रका मुद्दाहरू सम्बोधन गर्न एकीकृत तथा अन्तरसम्बन्धित पद्यतिहरूलाइ मान्यता दिनु अवश्यक छ । वास क्षेत्रलाइ फराकिलो अर्थमा बुझ्दा संस्था, सङ्गठन, नीति र अभ्यास जसमा खानेपानीका स्रोतहरूको व्यवस्थापन, विविध जनसंख्या र उद्योगहरूका लागि खानेपानी सेवाहरूको प्रवाह समेत समेटिन्छ । सेवामा पहुँच नपुगेकाहरू धेरैजसो दुर्गम र बिकट ठाउँमा रहेका आवादीमा बस्ने र सीमान्तकृत तथा सङ्कटासन्न समुदायहरू नै हुन, अथवा शक्ति, स्रोत, र वास सेवाहरूलाइ सफलतापूर्वक हासील गर्ने सीपमा कमी भएकाहरू पनि हन् । खानेपानी तथा सरसफाईसेवाहरूमा आम पहुंच सुनिश्चित गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा जे कारणहरूले छुटेका भए पनि ती जनसंख्याको खानेपानी तथा सरसफाइमा पहुंच हुनु अवश्यक छ । मानव विकासको लागि दिगो खानेपानी तथा सरसफईका सेवाहरू सबैभन्दा शक्तिशाली चालक तत्वहरू हन् । तिनिहरूले अवसरको विस्तार, मर्यादामा वृध्दि र स्वास्थ्य सुधारको गुणात्मक चक्र सिर्जना र वृध्दिमा सहयोग गर्दछन । तसर्थ वास सेवा नपुगेको स्थानमा सेवाको बृद्दि र उपलब्ध सेवा तथा लाभहरूको प्रभावकारी उपयोगिता सुनिश्चित गर्नु नै प्रमुख लक्ष्य रहेको छ ।

#### ६.१.१ दुरदष्टि (सोच)

यस गाँउपालिकामा बसोबास गने सबैका लागि जहां र जहिले पनि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्वीकार्य र किफायती खानेपानी तथा सरसफाई सेवाहरू मार्फत जनस्वास्थ्य र जनताको जीवनस्तरमा सुधार ल्याउने ।

#### ६.१.२ परिलक्ष्य (ध्यय)

प्रभावकारी, संवेदनशील, पारदर्शी र जबाफदही “वास” क्षेत्र हने छ । यस सोचलाइ साकार पार्न यस पालिका अन्तर्गत सञ्चालित एकल क्षेत्रगत विकास वास योजना र एकल “वास” कार्यसम्पादन प्रतिवेदनको अनुसरण गरिने छ ।

माथि **उल्लेखित** दूर दृष्टि र परिलक्ष्य प्राप्त गर्न गाँउपालिकाले नेपालको सम्विधान २०७२ ले दिएको अधिकार प्रयोग गरि विभिन्न नीती तथा नियमहरु बनाएर अगाडि बढने छ ।

### ६.२ खानेपानी, सरसफाइ तथा स्वछता योजनाको उदेश्यहरु

यो वास योजनालाइ विभिन्न विषयगत शीर्षकहरूमा समेटिएको छ । यी विषय शीर्षकहरू यस योजनाका रणनैतिक उद्देश्यहरू हुन् र तिनले थप विस्तृतमा हरेक उद्देश्यका लागि कृयाकलापहरू, लक्ष्यहरू, सूचकहरू तथा लागत अनुमान समेत प्रस्तुत गरेका छन् । यो क्षेत्रगत विकास वास योजना प्रभावकारी, कुशल र दिगो “वास” सेवाहरूको प्रवाह सुनिश्चित गर्ने एक रणनैतिक खाका हो । यस वास योजनाको मुख्य उद्देश्य निम्न अनुसार रहेका छन् ।

- वास सुशासन र प्रभावकारितामा सुधारका माध्यमबाट “वास” सेवाहरूलाइ सबैको पहुँचमा पुरयाउंदै सेवाको स्तरमा सुधार ल्याउने ।
- विद्यमान क्षेत्रगत मुद्दाहरू एवम भविष्यमा बिकसित हुनसक्ने परिदृष्यहरूको सम्बोधन गर्ने ।
- यस क्षेत्रको प्रभावकारी कार्यक्रम निर्माण एवम सुसङ्गत र सामञ्जस्सीय ढङ्गले कार्यान्वयन गर्नका लागि क्षेत्रगत प्राथमिकता र रणनीति स्पष्ट गर्दै क्रमशः क्षेत्रगत एकत्रीकरण गर्नु ।

- राष्ट्रिय प्राथमिकताहरू, रणनीतिहरू, मानकस्तरहरू एवम कायाविधिहरूका तहमा सम्पूर्ण सरोकारवालाहरू लाइ प्रभावकारी "वास" सेवा प्रवाहको कार्यक्रम निर्माण एवम व्यवस्थापनका लागि मार्गनिर्देशन तथा अभिप्रेररित गर्ने ।
- सबै नागरिकहरू सम्म सुचारु र दिगो "वास" सेवाहरूको पहुाचकोसुनिश्चितता गर्नक्षेत्र ववकास योजना सङ्ग तादात्म्य हने गरी सक्षमकारी नीति, कानुनी एवम नियमनकारी खाका, सेवा प्रवाहको लागि स्पष्ट संस्थागत संयन्त्र, वित्तीय प्रबन्धहरू, क्षमता अभिवृध्दि, परिष्कृत समन्वय र कायासम्पादन अनुगमन पध्दति लागू गर्नु ।

## ६.३ खानेपानी, सरसफाइ तथा स्वछता योजनाको समयाअवधी

यो वास योजनाको समयावधि २०७७ देखि २०८७ साल अर्थात (ई २०२१-२०३०) सम्मको हुनेछ र नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको क्षेत्रगत विकास योजना (Sector-Development Plan) का साथै विश्वब्यापि दिगो विकास लक्ष्यहरूसँग आवध्द छ । यो योजनालाइ तीन चरणमा तत्कालीन, मध्यकालीन र दीर्घकालीन चरणमा विभाजन गरिएको छ । यो एउटा रोलिङ्ग योजना हुनेछ र प्रत्येक तिन वर्षमा अद्यावधिक गरिने छ ।

| अवधि | लक्ष्यहरु |
|---|---|
| तत्कालिन चरण (वि.सं. २०८० सम्म) | • सरसफाई सेवाको स्तरमा सुधार( घरधुरीसवै र संस्थाको आधारभूत सेवामा पँहुच )<br>• खानेपानी सेवाको स्तरमा सुधार (मध्यम १०० % जनसंख्या) |
| मध्य कालिन चरण (वि.सं. २०८१–२०८४ सम्म) | • सरसफाई सेवाको स्तरमा सुधार (२०% घरधुरीको सुरक्षित सुविधामा पँहुच )<br>• खानेपानी सेवाको स्तरमा सुधार ( मध्यम ७०% र उच्च ३०% जनसंख्या)<br>• कार्यक्षमता र दिगोपनामा सुधार |
| दीर्घ कालिन चरण ( वि.सं. २०८५–२०८७ सम्म) | • सरसफाई सेवाको स्तरमा सुधार (४०% घरधुरीको सुरक्षित सुविधामा पँहुच)<br>• खानेपानी सेवाको स्तरमा सुधार ( मध्यम ५०% र उच्च ५०% जनसंख्या)<br>• प्रभावकारिता मुल्याङ्कन |

सेवा स्तर मापनका निम्ति पनि विशेषत खानेपानी क्षेत्रमा मुख्य दुईर सहायक पाच गरि सात पारामिति (Parameter) तोकिएका छन्। मुख्य दुईमा आवश्यकता (Needs) र गुणस्तर (Water Quality) हुन्भने अन्य पाचमा सुलभ पहुाच (Accessibility), विश्वसनियता (Reliability), लचकता (Resiliency), सेवाको दृढाङ्गता (Robustness) र वार्षिक सर्भेको आधारमा सेवा सन्तुष्टि (Service Satisfaction) स्तर हो । यी सवै पारामिति सहित खानेपानी क्षेत्रको सेवा स्तरको विस्तृत सूचकांक र सेवाको स्तर बर्गिकरण तालिका १.१ (Matrix Table) ले स्पष्ट पार्दछ । सरसफाई क्षेत्रको सुविधा स्तरको विस्तृत बर्गिकरण तालिका १.२ (Matrix Table) ले स्पष्ट पार्दछ ।

तालिका १.१ खानेपानि सेवास्तर को वर्गिकरण

| पारामितिहरू | | सेवा स्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न स्तरीय | आधारभूत | मध्यम | उच्च |
| आवश्यकता (Needs) | परिमाण (L/P/D) | २५ — ४५ | ४५ — ६५ | ६५ — १०० | १०० — १५० |
| | स्वच्छता | संभव नभएको (जबसम्म मुहानमै अभ्यास गरिँदैन) | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता संभव हुने; नुहाई धुवाईमा अपुग | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित भएको; कपडा धुन र नुहाउन पनि सुनिश्चित हुने | सबै स्वच्छताका आवश्यकताहरू पुरा हुने |
| गुणस्तर (Water Quality) | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ। | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ |
| सुलभ पहुँच (Accessibility) | | २५% भन्दा कम उपभोक्ताले निजी धारा जडान गरेको | २५% भन्दा बढी उपभोक्ताले निजी धारा जडान गरेको | १०० % उपभोक्ताले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको |
| विश्वसनीयता (Reliability) | वितरण अवधि (घण्टा/दिन) | | ८ (अधिक माग समयमा) | १२ (दिनको समयमा) | २४ (चौबीसै घण्टा) |
| | निरन्तरता (Continuity) | | एक महिनामा एक पटकसम्म रोकावट हुने | तीन महिनामा एक पटकसम्म रोकावट हुने | १२ महिनामा एक पटकसम्म रोकावट |
| लचकता (Resiliency) | | | अवरुद्ध सेवा २ दिन भित्र सुचारु हुने | अवरुद्ध सेवा १ दिन भित्र सुचारु हुने | अवरुद्ध सेवा १ दिन भित्र सुचारु हुने |
| सेवाको दृढाङ्गता (Robustness) | | | | प्रणालीले सेवाको मानकमा संझौता नगरी १० % सम्म अचानक श्रृजित माग धान्ने | प्रणालीले थप १० % अचानक श्रृजित माग धान्न सक्ने |
| सेवा सन्तुष्टि स्तर | | | | ७५% | ९० % |

तालिका १२ : सरसफाई सुविधा स्तरको वर्गिकरण




समग्रमा १० वर्षे योजनाले मुलुक र यस पालिकाको वि.सं.२०८७ सम्म को दीर्घकालीन सोच साकार पार्नमा योगदान पुरयाउने छ। यस योजनाको कार्यान्वयनले निम्न लिखित “वास” उपलब्धिहरू द्वारा वास योजनाले लिएका उद्देश्य प्राप्ति गर्न गति दिने छ।

- पानी जन्य रोगहरूमा कमी आउने
- विद्यालयमा पानी तथा सर सफाइका सुविधाहरूको पहुाच अभिवृध्दिले छात्राहलय बीचमा नै छोड्ने दरमा कमी आउनेछ,
- शिशु तथा बाल रुग्णता र मृत्यु दरमा कमी अनेछ, र मानव विकास सूचकाङ्कमा बढोत्तरीनेछ।
- मानव विकास सूचकाङ्कमा बढोत्तरी हुने छ।

## ६.४ खानेपानी, सरसफाइ तथा स्वछता योजनाको कार्यनवयन राणनिती

गााउपालिका द्वारा तय गरिएका खानेपानी सरसफाई तथा स्वच्छता (वास ) सम्वन्धि लक्ष्य पुरा गर्न गाँउपालिका क्षेत्रमा भएका सरोकारवालाहरुको छरिएका प्रयासहरुलाई एकीकृत गर्नु नै यस योजनाको प्रमुख रणनिति हुनेछ। तसर्थ गाँउपालिका क्षेत्रमा कार्यरत सम्पुर्ण सरोकारवालाहरुले आ^नो कार्यक्रमको योजना तथा कार्यान्वयनका लागि तपसिलका रणनितिहरु अवलम्वन गरिने छ।

- गाँउपालिकाका हाल सम्म पनि सुरक्षित खानेपानीको पहुाच नपुगेका जनसमुदायलाई सुरक्षित खानेपानीको सेवा उपलब्ध गराउने
- गाँउपालिकाले खानेपानी तथा सरसफाईका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्नका लागि अपुग रकम व्यवस्थापनका लागि अन्य निकायहरु संग समन्वयकारी भुमिका निर्वाह गर्ने।
- स्थानीय सरकारको नेतृत्वमा कार्यक्रम सञ्चालन गरीनेछ।

- वडाहरुले आफ्नो वार्षिक बजेट तय गर्दा खानेपानी तथा सरसफाईका क्षेत्रमा कम्तिमा पनि विकास खर्चको १० प्रतिशत रकम विनियोजन गर्ने निति कार्यान्वयन गरिने छ । तर योजनाहरुको मागका आधारमा रकम बढि पनि विनियोजन गर्नसकिने छ ।
- विद्यालय, सरकारी कार्यालय तथा संघसंस्था, राजनीतिक दलको कार्यालयमा बालमैत्री, लैंगिक तथा अपांग मैत्री चर्पी निर्माण तथा प्रयोगको सुनिश्चतता गरीनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा अनिवार्य रुपमा यूरिनल सहितका शौचालय निर्माण गरिनेछ । माध्यामिक तहका बिद्यालयहरुमा महिनावारी स्वच्छता सामाग्री र व्यवस्थापन समेतको सुबिधा सुनिश्चित गरिनेछ ।
- सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरीचर्पीमा सबैकोपहुाच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिनेछ ।
- घरयासी चर्पी निर्माणको लागि सम्वन्धित घरपरिवारलाई नै जिम्मेवार बनाईने छ र त्यसको लागि कुनै प्रकारको आर्थिक अनुदान उपलब्ध गराइने छैन भने शारिरिक रुपमा अशक्त, अपाङ्गता भएका व्यक्ति र एकल महिलाहरुका लागि अनुगमन समितिको सिफारिसमा आर्थिक सहयोग उपलब्ध गराउने निति लिईने छ ।
- चर्पी बनाउने आर्थिक हैसियत भएकाले पनि चर्पी बनाउन अटेर गरेमा गाउापालिकाबाट उपलब्ध गराउने सिफारिस तथा सहयोगहरु चर्पी नवनाउदासम्मको लागि स्थगन गरिनेछ ।
- सार्वजनिक शौचालय सन्चालनका सम्वन्धमा परम्परागत रुपको सशुल्क विधिमा पुनर्विचार गरि विभिन्न आय आर्जनका गतिविधिहरु संग जोडिने छ जस्तै अगाडि पसल चलाउने र पछाडि सार्वजनिक शौचालय हुने वा गोवार ग्याासमा जडान गर्ने आदि ।
- समुदायमा गोवरग्याास, सुधारीएकोचुल्हो, करेसाबारी, कम्पोष्ट पिट, जुठेल्नो, चाङ्ग (भाडा सुकाउने ठाउँ), खोर, भकारो आदिको निर्माण तथा प्रयोग, सम्पूर्ण घरपरीवारहरुमा प्रोत्साहित गराउने ।
- प्रत्येक वडाको कार्य योजनामा जलवायु परिवर्तनको प्रभाव, विपत न्यूनीकरण क्रियाकलाप तथा महिनावारी व्यवस्थापन सम्बन्धी मुद्धाहरुलाई पहिचान र सम्बोधन गरिनेछ ।
- सरोकारवाला तथा निकायहरुले पालिका स्तरीय खानेपानी सरसफाईस्वच्छता रणनीतिसाग मेल हुने गरी आफ्ना कार्य योजना तथा क्रियाकलाप तर्जुमा गर्नु पर्नेछ ।
- जलवायुपरिवर्तनका असरहरु कम गर्नजलवाय अनुकुलन योजनालाईविशेष प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।
- यो कार्ययोजनाको कार्यान्वयनको नियमित अनुगमन तथा आवश्यक परेमा परिमार्जन गर्ने समेत जिम्मा गाँउपालिकाको हुनेछ ।
- नंया निर्माण हुने योजनामा खानेपानी सुरक्षा योजना लागु गरिने छ तथा चालु योजनाहरुमा पनि खानेपानी सुरक्षा योजना वा व्यवस्थित मर्मत योजना बनाइ लागु गरिने छ ।
- कार्ययोजनाले तय गरेका खानेपानी तथा सरसफाईका क्षेत्रको कार्ययोजना अनुसरका योजनाहरु कार्यान्वयनका लागि गााउपालिकामा वास शाखा गठन गरिने छ । उक्त वास यूनिट अन्तर्गत एउटा सूचना केन्द्रको स्थापना गरिनेछ र सो सूचना केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणह अध्यावधिक गरिनेछ ।
- बजार र बजार उन्मुख क्षेत्रहरुमा उत्पन्न हुने ठोस तथा तरल फोहोर को Grading तथा ब्यबस्थापनका लागी उचित स्थानमा ल्याण्डफिल्ड क्षेत्र को निर्माण गरीनेछ ।
- खानेपानी, सरसफाई स्वच्छता प्रवर्द्धनका लागि संरचनागत तथा सचेतनागत क्रियाकलापहरुको क्षमता अभिवृद्धि लागि प्राथमिकता दिइने छ ।

- खानेपानी तथा सरसफाईसेवाको दिगोपनाका लागि निजि संस्थाहरुको संलग्नतालाई समेत प्रोत्साहन र वातावरण तयार गर्न गाँउपालिकाले भुमिका खेल्नेछ ।
- गाँउपालिकामा कम्तिमा पनि एक स्थानमा खानेपानी गुणस्तर मापन केन्द्र स्थापना गरिने छ ।
- गाँउपालिकामा खानेपानी तथा सरसफाई कार्यक्रमका लागि एउटा छुट्टै कोषको स्थापना गरिने छ । जसको संचालन गााउपालिका वास समन्वय समितिले गर्ने छ ।

## ७. खानेपानी योजना (पहिचन र प्राथमिकिकरण, निर्माण तथा स्तरोन्नती)

गुणस्तरीय र पर्याप्त मात्रामा खानेपानीको सहजै उपलव्धता मानिसका मौलिक अधिकार हुन । खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको विकासले व्यक्तिको स्वास्थ्य र स्वस्थ कामहरुमा सकारात्मक असर पार्दछ भने अन्य उत्पादनशील क्षेत्रको विकासमा मद्धत पुऱ्याउादछ । सुरक्षित खानेपानी र स्वच्छताको राम्रो बानीले क्रमशः पानीजन्य रोगको नियन्त्रण र उक्त रोगको उपचारका लागि लाग्ने खर्चमा समेत कमी ल्याउादछ । ग्रामीण क्षेत्रमा धेरैजसो रोगहरु दुषित खानेपानी र न्यूर्न सरसफाईको कारणले गर्दा लाग्ने गर्दछन् ।

नेपालको संविधानले पनि खानेपानिलाइ मौलिक हककोरुपमा अंगिकार गरेकोहुदा यस पालिकामा बसोबास गनेसबैका लागि जहांर जहिलेपनि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्वीकार्यर किफायती खानेपानीका सेवाहरू मार्फत जनस्वास्थ्य र जनताको जीवनस्तरमा सुधार ल्याउनेयस पालिकाको पहिलो प्राथमिकता रहेको छ । त्यसै अनुरुप विश्वव्यापि दिगो विकास लक्ष्य र नेपाल सरकार, खानेपानि मन्त्रालयले विकास गरेको क्षेत्रगत विकास योजनाको सुचक र सेवा स्तर मापनसंग आवद्ध रहेर खानेपानि योजनाहरुलाई कार्यान्वयन गरिने छ ।

स्थानीय तहले विभिन्न सरोकारवाला संगको छलफल, सरसल्लाह र निर्णय र उपलब्ध श्रोत साधनको विश्लेषण गरि अति आवश्यक आयोजनाहरु वि.सं. २०८० सम्म त्यसपछि वि.सं.२०८१-२०८४ र २०८५-२०८७ कार्यान्वयन गर्ने गरि वर्गिकरण गरेको छ । क्षेत्रगत विकास योजनाले परिभाषित गरेको ५० प्रतिशल जनताल उच्च स्तरको खानेपानी सेवा र बांकी ५० प्रतिशत जनताहरुले मध्यम स्तरको खानेपानी सेवा वि.सं. २०८७ सम्म प्राप्त हुने गरि योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

### ७.१ राणनीतिक कार्यहरु

- पहुंच नपुगेको घर वा बस्तीहरूको पहिचान गरी पालिकाभरि नक्सांकन गरिने छ । जिपीएस प्रविधिको उपयोग गरी खानेपानीकोसेवा पुगे नपुगेको बस्तीहरूको पहिचान र नक्सा तयार गरिने छ । यो कार्यले सेवा नपुगेको दुर्गम र बिकट भौगोलिक धरातलका साथै सेवाबाट वञ्चित, सङ्कटासन्न समुदाय, शक्तिको कमी, स्रोत साधन र सीपहरूको कमी भएकाको पहिचान गर्न सघाउ पुयारउने छ । सेवाको पहंच नपुगेको जनसंख्याको तथ्याङ्क अनुगमन मूल्याङ्कन् तथा बिषय क्षेत्र अन्तर्गत सङ्कलन गरिने छ र क्षेत्रगत अनुगमन तथा मूल्याङ्कन प्रणालीसँग जोडिने छ ।
- अनुगमन तथा मल्याङ्कन क्षेत्रलाइ अद्यावधि गर्न बस्तीहरूको तथ्याङ्क जिपीएस प्रणालीद्वारा गरिन छ खानेपानीका स्कीमहरूको अवस्थितिको तथ्याङ्क जिपीएस प्रविधिद्वारा अद्यावधि गरिने छ र सेवाको पहंच पुगेको र नुगेको क्षेत्रहरू छट्याइने छ यसो गदा सेवाको पहुंच नपुगेको बस्तीहरूमा विशेष ध्यान दिइने छ ।

- खानेपानी स्कीमहरूको प्राथमिकीकरण पहंच पुगेको र नपुगेको सूचकाङ्कको अधारमा लगानी गर्नका लागि तयार गरिने छ। लगानी योजनामा पहंच नपुगेको क्षेत्रलाइ प्राथमिकता दिइने छ।
- खानेपानी तथा सरसफाई सेवाहरूलाइ समावेशी बनाउन सामाजिक बहिष्करणको विश्वासहरूमा परिवर्तन गरि समान पहंचको सुनिश्चिता गरिने छ। दुर्गम र सामाजिक वहिष्करणमा परेका समुदायहरूलाइ प्राविधिक, संस्थागत, व्यवस्थापकिय र बजेट मार्फत सहयोग दिइने छ र त्यस्तो सहयोग साधरण अवस्थामा भन्दा प्रति व्यक्ति लागत बढि भएका योजनाहरूमा समेत दिइने छ।
- सेवाहरूमा सुधारको लागि प्रावधानहरू तयार गरिने छन। वर्तमान प्रणालीहरूलाइ सेवाको स्तर अनुसार स्तरोन्नति गरिने छ। नयां आयोजना हरूमा मध्यम वा उच्च स्तरको सेवाको लागि प्राथमिकता दिइने छ। सेवा प्रणालीहरूमा सार्वजनिक र सामाजिक धारा जडानलाइ निरुत्साहित गरिने छ, हालका प्रणालीहरूलाइ निजी धारा जडान प्रणालीको रूपमा स्तरोन्नति गर्ने र नया अयोजनाहरूमा निजी धारा जडान गरिने छ।
- खानेपानीको सुविधाहरू सबै विद्यालय, स्वास्थ्य सेवा केन्, सार्वजनिक संस्थाहरू र सार्वजनिक स्थल समेतमा पुरयाइने छ।
- निर्माण सम्पन्न भइ सकेका र निर्माणाधिनका अलावा प्रस्तावित खानेपानी योजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरिने छ। सुरक्षा योजना कार्यान्वयनका लागि अति आवश्यक खानेपानी गुणस्तर परीक्षणका लागि गाउापालिकाका कर्मचारीहरुलाई पानी गुणस्तर परीक्षण तालिममा सहभागी गराएर गाउापालिकामा नै पानी परिक्षणको व्यवस्था मिलाइने छ।

## ७.२ कार्ययोजना

| क.स | कृयाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई आयोजनाहरुको तथ्यांँक संकलन तथा अद्यावधिक गर्ने | एमवाससिसि | खा.पा.स.डि.का, फेडवासन, दातृ निकाय |
| २ | मर्मत संभार कार्यकर्ता लाई तालिम खानेपानी र सरसफाई सम्बन्धी तालिम | एमवाससिसि | खा.पा.स.डि.का, फेडवासन |
| ३ | आयोजनाहरुको निर्माण, मर्मत संभार,विस्तार तथा स्तरोन्नती गर्ने (खानेपानी सुरक्षा योजना समेत लागू गर्ने | पालिका, खा.पा.स.डि.का, खानेपानी उपभोक्ता समिति, दातृ निकाय | खा.पा.स.डि.का, खानेपानी उपभोक्ता समिति, दातृ निकाय |
| ४ | खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई खानेपानी आयोजना व्यवस्थापन, खानेपानी सुरक्षा योजना, पानी सुद्धिकरण सम्बन्धि तालिम प्रदान गर्ने | एमवाससिसि | खा.पा.स.डि.का, फेडवासन, विकास साझेदार |
| ५ | नगर, वडा, टोल, विद्यालय स्तरमा पानी शुद्धीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने | एम/वार्ड सिसि,बिद्यालय | पालिका,विकास साझेदार, फेडवासन,रेडक्रस |
| ६ | व्यवसायीसाग समन्वय गरि पालिका स्तरमा वायो स्याण्ड फिल्टर उत्पादन तथा बिक्री वितरण गर्न पहल गर्ने | एमवाससिसि | पालिका, विकास साझेदार |
| ७ | विश्व पानी दिवस ( २२ मार्च तथा राष्ट्रिय | एम/वार्ड वास | पालिका,फेडवासन, |

| | | | |
|---|---|---|---|
| | सरसफाई सप्ताह (५ देखि ११ जुन) बिशेष कार्यक्रम गरी मनाउने | सिसि,बिद्यालय, खासउस, | विकास साझेदार |
| ८ | खानेपानी आयोजनाका लागि जगेडा पार्टपुर्जाहरु स्थानीय बजारमा सहज उपलब्धता गराउने | एम/वार्ड वास सिसि,खासउस | स्थानिय व्यापारी,फेडवासन |

## अपेक्षित उपलब्धिहरु

उपलद्बधी नं. १ सम्पूर्ण गाउँपालिकावासीहरुलाई सुरक्षित खानेपानीको महत्व वारेमा जानकारी भै पानीको उपभोगमा सर्तकता अपनाएका हुनेछन्

उपलद्बधी नं. २ गाउँपालिकामा विभिन्न निकायहरुबाट निर्माण भै सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुकोनियमित मर्मत संभार तथा गुणस्तर सुधार र सेवा विस्तार भएकोहुनेछ ।

उपलद्बधी नं. ३ हाल सम्म खानेपानी आयोजनाहरु नपरेका क्षेत्रहरुमा प्राथमिकता दिई नयाँ (लघु) आयोजनाहरु निर्माण भएको हुनेछ ।

उपलद्बधी नं. ४ श्रोत संरक्षणका कार्यक्रमहरुलाई जलवायु परिवर्तन एवं जलाधार संरक्षणका क्षेत्रका कार्यक्रमहरु सँग एकिकृत गरी सञ्चालन भएको हुनेछ ।

उपलद्बधी नं. ५ निर्माणाधिन तथा अब बन्ने नर्या आयोजनाहरुमा पानी प्रशोधन प्रणाली सहित निजि धारा वितरण गर्ने गरी आबश्यक संरचनाहरु निर्माण भएको हुनेछ ।

उपलद्बधी नं. ६ खानेपानी योजना उपभोक्ता समितिहरुको संस्थागत क्षमता अभिबृद्धि भई खानेपानी योजनाकोसुचारुपन कायम भएकोहुनेछ ।

## ७.३ खानेपानी योजना प्राथमिकिकरण

यस वास योजनामा प्रस्ताव गरिएका योजना तथा कार्यकम संचालनका लागि तपशिलका आधारहरुमा प्राथमिकिकरण गरिएको थियो ।

- विद्यमान खानेपानी योजनाको भौतिक अवस्था
- पानिको उपलव्धता
- पानिको पर्याप्तता
- पानी लिन जांदा आउदा लाग्ने समय
- पानीको गुणस्तर
- श्रोतको सुनिश्चितता
- अति विपन्न र पछाडि पारिएका वर्गको वासस्थान

### ७.३.१ नयाँ खानेपानी योजनाहरु

यस क्षेत्रमा नयाा ग्राभिटी फ्लो प्रणालीको खानेपानी योजना सञ्चालन गर्नका लागि मूल उपलव्ध छैन । डिप, वोरिङ, ओभरहेड ट्यांकीवाट वितरण र ट्युवेल यहाका वैकल्पिक प्रविधि हो । तर डिप वोरिङ र ओभरहेड प्रविधिको लागि धेरै ठूलो लागत आवश्यक पर्ने र त्यस किसिमका योजना सञ्चालन गर्नका लागि सहयोगी तथा दातृ निकायको पहिचान गरिने छ । नयाँ खानेपानी योजनाहरु पहिचान गर्दा वडास्तरीय योजना तर्जुमा गोष्ठीबाट प्राप्त खानेपानी योजनाहरुको सूचीलाई पालिका स्तरको गोष्ठीमा प्रस्तुत गरि पारित गर्ने र प्राथमिकता तोक्ने प्रकृया मार्फत गरिने छ ।

## ८. सरसफाइ तथा स्वछता योजना

### ८.१ परिकल्पना

विजयनगर बासीहरुले खानेपानी,सरसफाई स्वच्छता सम्बन्धी आवश्यक संरचनाहरुको निमार्ण तथा व्यवस्थापन गरी सरसफाईयुक्त स्वस्थकर आनीबानी अपनाउदै सफा, स्वच्छ हरायलीमय पूर्ण सरसफाई उन्मुख अबस्थाकोविकास गरी सहज, स्वस्थ, समृद्ध र आत्मसम्मानयुक्त जीवन यापन गरिरहेका हुनेछन्।

### ८.२ औचित्य

मानव मलमुत्रको सुरक्षित विर्सजनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई भनिन्छ । सरसफाई जनस्वास्थ्य र प्रतिष्ठा प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य एवं प्रकृया सरसफाई हो । साथै जोखिमपूर्ण अवस्था (खाना खानु अघि, खाना खाएपछि, दिसा गरेपछि, विरामीको हेरचाह एवं बच्चाको दिसा,गाईबस्तुको मलमुत्र व्यवस्थापन गरपछि) साबुन पानीले हात धुने र चर्पी निर्माण, प्रयोग तथा यसका मर्मत संभार मात्र नभइ व्यक्तिगत, घरायसी र वातावरणीयका साथै मानिसको बानी व्यवहार परिवर्तन समेट्दछ ।

हाल सामाजिक अभियानको रुपमा सञ्चालित खुला दिसामुक्त अवस्थाका उपलब्धिहरुलाई दिगो रुप दिंदै सरसफाईका अन्य सुविधाहरुको निर्माण, प्रभावकारी सञ्चालन गरी सफा र स्वच्छता कायम गर्न सार्वजनिक र निजी क्षेत्रको सुदृढ साझेदारीमा ग्रामीण र सहरी क्षेत्रमा सरसफाईस्वच्छताको निरन्तरताको लागि प्रभावकारी रुपमा संस्थागत क्रियाशीलता, स्तरीय सेवा प्रवाह, सचेतना अभिबद्धि, व्यापक सामाजिकीकरण, सामुहिक सशक्तिकरण तथा स्व-अनुगमन सम्बन्धी क्रियाकलापहरुको नियमित कार्यान्वयनको आवश्यकता रहेको छ । त्यसैले सरसफाईस्वच्छताको दिगोपन कायम गरी तपसिलमा उल्लिखित चुनौतीहरु सम्बोधन गर्न पूर्ण सरसफाईमार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य देखिएको छ।

- सरोकारवालाहरुको सहभागिता र क्रियाशीलतालाई निरन्तरता दिई खुला दिसामुक्त अवस्थाको दिगोपना कायम राख्दै पूर्ण सरसफाईतउन्मुख हुन ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण, वातवारण, महिला, बालबालिका, जलवायु परिवर्तन, विपद् व्यवस्थापन क्षेत्रहरुसंग सम्बन्धित बहु-क्षेत्रगत सरोकारवालाहरुको क्रियाशिलता वृद्धि गरी सम्पूण सरोकारवालाहरुका क्षमता अभिवृद्धि गर्नका साथै जिम्मेवारी तथा जवाफदेहीतालाइ अभिवृद्धि गर्न ।

- खुला दिसामुक्त घोषणा पश्चात देशमा संचालित मौजुदा प्रवर्द्धनात्मक कियाकलापहरुबाट प्राप्त अनुभव र सिकाइहरु समेट्दै कार्य संचालन विधि, प्रक्रिया र सूचकहरुमा एकरुपता ल्याउन तथा प्रक्रियागत कमी कमजारीहरुमा सुधार गर्न ।
- खानेपानी, सरसफाई स्वच्छताका सेवाहरु र प्रयोगकता-मैत्री सुविधाहरुको विस्तार तथा स्तर अभिवृद्धि गर्दैउपलब्ध सेवा र सुविधाहरुको दिगो रुपले सम्भव भएसम्म उत्पादनमूलक र आयआर्जनमा समेत ध्यान दिईसमुचित उपयोग गर्नेबानी व्यवहार प्रवर्द्धन गर्न ।
- पूर्ण सरसफाईको अवस्थामा पुग्नका लागि खानेपानीको सुविधा सुनिश्चित गर्न ।
- विद्यालय एवं स्वास्थ्य संस्था लगायत विभिन्न सार्वजनिक निकाय तथा संघसंस्था र सार्वजनिक स्थलमा सरसफाईको उचित व्यवस्थापनमा जोड दिन ।

## ८.३ नारा

***"पूर्ण सरसफाईयुक्त, गाउँघर अनि शहर सफा, स्वच्छ, समृद्ध हाम्रो मायादेवी"***

### ८.३.१ गाउँपालिकाको पूर्ण सरसफाइ सम्बन्धी अन्य नाराहरु

१. सुरक्षित खाना शुद्ध खानेपानी, खुशी र स्वस्थ जिन्दगानी
२. सफा स्वच्छ वातावरण स्वस्थ जिन्दगानी,स्वर्ग बनाई यही धर्ती बााचौ देवता बनी
३. सफा हुन सभ्य बन्न चाहिदैन धेरै धन, सबै संभव हुन्छ भए मानिसको ठूलो मन
४. एक घर एक चर्पी,धारा हात धुने ठाउा, फोहरबाट मोहर बनाई धर्ती स्वच्छ बनाऔं
५. सफा सुन्दर स्वर्गसरी बनाई यही धर्ती, स्वस्थ भई रमाई बााच्न दिन्छु यही अर्ती
६. सफा राखौं चर्पी धारा घर टोल सारा, सभ्य समाज बनाउने हाम्रो अभिभारा
७. फोहर व्यवस्थान गरौं सबै मिलीजुली, सफा सुग्घर घरआागन हुन्छ झिलिमिली
८. स्वास्थ्य नै ठूलो धन हो सुधारौं आनीबानी, पिउने गरौं सुरक्षित पानी,बाचौं स्वस्थ जिन्दगानी
९. शुद्धिकरण गरिएको सुरक्षित पानी, स्वस्थ हुन सधैं हामी पिउा ढुक्क मानी
१०. बस्छन्किटाणु फोहर पानी भरी, प्लेटफर्म बनाऔं धारा वरिपरी
११. जन्मैदेखि सिक्यौ हामी स्वाभिमानी बन्न, बन्द गरौ सरसफाईमा अरुको भर पर्न
१२. सरसफाईहो सभ्यता र बिकासको पहिचान, रोग व्याधीछहट्अनि बढ्छ आत्मसम्मान
१३. रोकिदैन सरसफाईको हाम्रो अभियान, सरसफाईले बढाउाछ अझै हाम्रो शान
१४. बिद्यालय फोहर भए ज्यानै जान्छ हाम्रो, सरसफाईक बिधालेपढाईहुन्छ राम्रो
१५. बानी राम्रो सरसफाईको सानै देखी लाग्यो, सफा सुग्घर भए पछि रोग व्याधी भाग्यो
१६. निरोगी र सुखी हुने एउटा अचुक जुक्ति, फोहोरमैला र फोहरी बानीबाट मुक्ति
१७. नदी नाला पोखरीको संरक्षण गरौं, ढल फोहर मिसाउन सबैले बन्द गरौं
१८. नदि नाला धिक्कादैछन्ननमिसाऔं ढल, मानिस पशु सबैका लागी अमृतसरी जल
१९. यति कुरा कहिल्यै नबिर्स बाबुनानी, फोहोर छोएपछि हात धुन साबुन र पानी
२०. विद्यालय ज्ञान सीपको भण्डार हो छरौ मिलेर ज्योति, सरसफाईनैविकास र सभ्यताको आधार हो साथी
२१. कार्यालय हाम्रो प्रतिष्ठा र जीविकाको आधार, सफा सुन्दर पार्न हामी बनौं जिम्मेवार
२२. म एक व्यापारी, ग्राहक मेरा देवता, सुरक्षित खानेकुरा शुद्ध पानी पाइन्छ हजुर यता
२३. हानीकारक किटाणुको जमघट हुनसक्छ हातमा,साबुनपानीले हात धुने गरौ जोखिमपूर्ण अवस्थामा
२४. महिनावारी प्राकृतिक भूमिका हो भन्ने सबैले मानौ,भेदभाव गर्दा कानुनी सजाय भोग्नु पर्छ भन्ने जा
२५. भाडाकुडाको उचित सफाइ र राख्ने सफा ठाउा,सुकाउने चलन लाईरम्रोयहीसबैबताउा
२६. धाराबाट खेर जाने पानीलाई करेसाबारीमा प्रयोग गरी, दिनहु खाने गरौं हरिया ताजा तरकारी
२७. बालबच्चा बृद्धबृद्धाको सरसफमाईउचित ध्यान दिऔ,रोग व्याधी र चिन्ताबाट सधै टाढै रहौं

## ८.४ लक्ष्य र अवधी

यस गाउँपालिका वास योजनाले नेपाल सरकार, खानेपानी मन्त्रालयåारा तयार पारिएको पूर्ण सरसफाई मार्गदर्शन, २०७३९ (Total Sanitation Guideline, 2017) का सिद्धान्त, लक्ष्य तथा रणनितिहरुलाई अंगिकार गरेको छ। त्यसैले यसमा प्रस्ताव गरिएका सरसफाईका कार्यक्रमहरुको कार्यान्वयन नेपाल सरकारको पूर्ण सरसफाईमार्गदर्शन, २०७३ ले (Total Sanitation Guideline, 2017) परिलक्षित गरेको, अवधि लक्ष्य र सिद्धान्तका साथै दिगो विकास लक्ष्यले परिभाषित गरेका सरसफाईका सुविधास्तरका सुचकहरुलाई समेत तादाम्यता मिलाई सोहि बमोजिम कार्ययोजनाहरु तय गरी कार्यान्वयन गर्दै जाने लक्ष्य लिइएको छ।

सोहि पूर्ण सरसफाई मार्गदर्शन, २०७३ ले परिभाषित गरेको सन २०३० सम्म "सबैको लागि र सधैको लागि पूर्ण सरसफाई" को अवस्था हासिल गर्नेतर्फ उन्मुख हुन यस गााउपालिका वास गुरुयोजनाले सन २०३० सम्ममा सम्पुर्ण गााउपालिकालाई पुर्ण सरसफाई युक्त गााउपालिकाको स्तरमा पुर्‍याउने लक्ष्य लिएको छ। यसको लागि तपसिलका आवधिक योजनाहरु तय गरिएको छ।

पहिलो चरण: यस चरणमा वि.सं. २०८० सम्ममा एक वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ।

दोश्रो चरण: यसचरणमा वि.सं. २०८४ सम्ममा थप ३ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ।

तेश्रो चरण: यसचरणमा वि.सं. २०८७ सम्ममा थप ३ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ। सम्पुर्ण वडामा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणालीको व्यवस्था गरिने लक्ष्य लिइएको छ। सम्पुर्ण विद्यालय, सार्वजनिक स्थान तथा स्वास्थ्य र संघ संस्थाहरुमा महिलामैत्रि, अपाङ्गमैत्रि तथा बालमैत्रि शौचालयहरुको व्यवस्था गरिने छ।

## ८.५ उदेश्य

मानिसको स्वास्थ्य र दैनिक जीवनयापनसंग सरसफाई सुविधाको प्रत्यक्ष सम्बन्ध रही आएको छ। सरसफाई सुविधाको समुचित विकास तथा विस्तारबाट आम मानिसको स्वास्थ्यमा अभिवृद्धि हुने हादा वातावरणीय सरसफाई र स्वच्छताका माध्यमबाट मानव जीवनस्तरमा सुधार गर्नका लागि यस रणनिति योजनाले तपसिलका उद्देश्यहरु लिएको छ।

- खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने।
- सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने।
- घरायसी तथा संस्थागत तहमा सरसफाई र स्वच्छताका सुविधाको समुचित प्रयोग,मर्मत सम्भार तथा स्तरोन्नती गर्ने।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा सस्थागत तहमा पानी शुद्धीकरणका प्रवर्द्धन समेत गर्ने।

- फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सम्भव भएसम्म पुनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।
- पोखरी तथा साना जलाशय र खोला खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।

## ८.६ राणनीतिक कार्यहरु

- समुदायहरूलाइ समावेशी, प्रभावकारी तथा दिगो पद्यतिको माध्यमबाट सरसफाईका खुडकिलाहरूमा सुधार गर्नको लागि पूर्ण सरसफाई मार्गदर्शनलाइ अनुशरण गरि कायाान्वयन गरिन छ, यसले पूर्ण सरसफाईको प्रतिफल निकाल्नको लागि समुदायलाइ सहयोग गर्ने छ । पूण सरसफाई मार्गदर्शनले सफा घर, समुदाय, गाउं, नगर र पालिकाको लागि स्पष्ट पद्यति र सूचकाङ्क समावेश गर्ने छ ।
- विभिन्न परिप्रेक्ष्य र भौगोलिक अवस्थिति अनुसार जन-मैत्री पद्यति, प्रविधि तथा बानीव्यवहार परिवर्तन गर्ने सामाग्रीहरूको विकास गरिने छ । यसमा दिगो बानीव्यवहार परिवर्तन गर्न, उत्प्रेरित र वजारीकरण गर्नको लागि सही बानीव्यवहार पररवर्तन गर्ने अनुगमन सूचकाङ्कहरूको पनि विकास गरिने छ ।
- संस्थागत सरसफाईका सेवाहरूको दिगोपनाको सुनिश्चितताको लागि अनुगमन प्रणालीलाइ सुदढ गरी गरिने छ ।
- खुला दिसामुक्त क्षेत्रहरूको प्रमाणीकरणको अध्ययन गरिने छ र सुधारका कार्यहरूको तर्जुमा गरी दिगोपना सुनिश्चित गरिने छ ।
- स्थानीय निकाय र वडाहरूले आ-आफ्नो क्षेत्रको लागि रणनीतिक सरसफाई योजना विकास गरी खुला दिसामुक्तको भूमिकालाइ विस्तारित गरि सरसफाईका लागि उच्च माग वृध्दि गर्ने छ र पूण सरसफाई प्राप्तिको लागि सरसफाईमा लगानी गर्ने छन ।
- सबै ठला र मध्यम सहरहरूमा ढल सञ्जालको प्रक्रियावध्द योजना तयार गरिने छ
- दिसाजन्त्य लेदोबाट ग्याास र उर्जा उत्पादन गर्न प्रोत्साहित गरिन छ ।
- कम आय भएको क्षेत्रहरूमा बिकेन्ति फोहोरपानी प्रशोधन प्रणालीहरूको निर्माण गर्न प्रोत्सीहत गरिने छ ।
- सहरी सरसफाईको लागि अन्तर नगर सहयोग कार्यक्रम प्रवर्धनको लागि संभावना खोजीने छ र सवै प्रयासहरूलाइ केन्ति गरिने छ ।
- मात्रामाभन्दा गुणस्तरमा ध्यान दिइ दिगो व्यवस्थापनलाइ सुनिश्चित गने मार्ग निर्देशक सिदान्तमा विकेन्ति फोहोरपानी प्रशोधन प्रणालीको केन्ति गरिने छ ।
- यो प्रणाली कायाान्वयनको लागि यी शर्तहरू पुरा भएको हनुपर्ने छ : क) सरकारी वा सामुदावयक जग्गाको उपलब्धता, ख) समुदायले डिजाइन, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भारमा इच्छा दखाएको, ग) केन्िकित ढल प्रणालीको सञ्जालमा पहंच नभएको उपयुक्त समुदायको पहिचान, घ) कोषको उपलब्धता पहिचान सहितको सञ्चालन र ममातसंभार योजनाको विकास भएको, ङ) उपयुक्त डिजाइन मापदण्डहरू स्थापित भएको ।
- वर्षादको भल व्यवस्थापन गुरु योजनाको तयारी र सहरहरूमा बाढीको जोखिमको अधारमा नाली निमार्णलाइ प्राथमिकता दिइने छ ।
- कालो पत्रे सडकसागै निर्मित वर्षादको भल नालीलाइ सहरी ढल प्रणाली बाट अलग गरिने छ ।
- स्थानीय निकाय, समुदाय र घरहरूको लागि दिसाजन्त्य लेदो व्यवस्थापन, विशेषगरी साना सहरहरूमा पूण सरसफाई कार्यक्रम अघि बढाउनका लागि, प्राथमिक विकास मुद्दाको रूपमा रहने छ । साना सहरहरूमा दिसाजन्य लेदा व्यवस्थापनको सहयोगको लागि सेप्टिक ट्याङ्को सजिलो डिजाइन र

दिसाजन्य लेदोको प्रशोधन प्रणाली, अपरेसन म्यानुअल र संगठनात्मक र नियामक खाका तयार गरिने छ ।

- उपयुक्त ढङ्गबाट व्यवस्थापन वा प्रशोधन गरिएको खण्डमा मानव दिसा पिसाबले कृषिको लागि महत्वपूर्ण श्रोतको काम गर्दछ । जस्तैः जब दिसा र पिसाबलाइ छुट्टै उपयोग गरिन्छ, यसले प्राङ्गारिक मलको काम गदर्छ । मिश्रित रूपमा वा संयुक्त रूपमा उपयोग गरी उर्जा उत्पादन गर्न सकिन्छ । श्रातमा नै घटाउन, पुनःप्रयोग, रिसाइक्लिङ्गको विकल्पको खोजी गरिन छ ।
- खानेपानीको संरक्षण र फोहोरपानीको व्यवस्थापन अभ्यासमा स्वास्थ्य, स्वच्छता र बानीव्यवहार परिवर्तनका लागि समुदायको सहभागिता र सार्वजनिक शिक्षा दिने जस्ता विषयहरू आन्तरिक अवयव हनेछन ।
- सरसफाई योजनाको विकास र कार्यान्वयनको लागि संस्थागत व्यवस्थापन र सञ्चालन क्षमता सुदढ गरिनेछ ।
- मुख्य मुख्य स्थानहरूमा अनुसन्धान तथा विकास गरी सार्वजनिक चर्पीहरूको निर्माण गरिने छ ।
- पालिकाहरूलाइ प्राविधिक सहयोग गरी बालबालिका, लैङ्गिक र अपाङ्गता भएका व्यक्ति-मैत्री चर्पी निर्माणको लागि मार्गदर्शन तथा मापदण्ड तयार गरिने छ ।
- घना जनसंख्या भएको सहरहरूमा सार्वजनिक चर्पीहरूलाइ दिगो सरसफाई सेवा प्रवाह गर्न व्यापारिक मोडेलको रूपमा हरिने छ । सहर र वरिपरिका वस्तिहरूमा सरसफाई सुविधा सुधारिने छ जसको लागि उच्च गुणस्तरको डिजाइन र नुहाउने सुविधा सहितको सार्वजनिक सौचालय निर्माण, अपाङ्गता भएका व्यक्तिहरूको लागि सुधारिएको पहंच र ठोस र तरल फोहर पदार्थको व्यवस्थापन भएको एकिकृत प्रणालीको किास गरिने छ ।
- सञ्चालन मोडेलको लागि अन्तर-अनुदान वा व्यावसायिक सामाजिक जिम्मेदारी मोडेललाइ अगाडि सारिने छ ।
- बसपार्क, मनोरञ्जन स्थलहरू, बजारक्षेत्रहरू जस्ता सार्वजनिक स्थलहरूमा निर्माण गरिने शौचालयहरू बालबालिका, महिला तथा अपाङ्ग मैत्री हुने छन् ।

## ८.७ कार्यनीतिहरु

पूर्ण सरसफाई रणनीतिक योजनाले निर्धारण गरे अनुसारका लक्ष्य तथा उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमको कार्यनीतिहरु अवलम्वन गरिनेछ ।

- पूर्ण सरसफाई रणनीतिक योजना तर्जुमा,स्वीकृत तथा कार्यान्वयनमा पालिका र वडा कार्यालय र सम्बन्धित तहका खानेपानी,सरसफाई तथा स्वच्छता समन्वय समितिले जिम्मेवारी बहन गर्ने ।
- स्थानीय तह र सहयोगी संस्थाहरु बीचमा समझदारीपत्रमा हस्ताक्षर गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने।
- पूर्ण सरसफाईको क्षेत्रमा कार्य गर्ने निकायहरु बीच समन्वय, संयुक्त कार्ययोजना र सहकार्य गर्ने ।
- रणनीतिक योजना कार्यान्वयनका लागि पालिकाबाट बजेट विनियोजन गर्ने, अन्य स्थानीय स्रोत साधनको पहिचान र परिचालन गर्ने, तरल तथा ठोस फोहोर व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन आदिमा सार्वजनिक/स्थानीय तह र नीजि क्षेत्र बीच साझेदारी (Public Private Partnership/PPP) पद्दति अपनाउने,
- पालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा स्वस्थकर आनीबानीको विकास गरि पूर्ण सरसफाई उन्मुख अबस्था हासिल गर्न सरसफाई आचारसंहिता लागू गर्ने।

- गाउापालिकापालीका क्षेत्रमा रहेका मानवस्रोत पहिचान गरि अभियानमा परिचालन गर्ने,
- सूचना, सञ्चार, शिक्षा, व्यवहार परिवर्तन सम्बन्धि क्रियाकलापहरु सञ्चालन गरी आम परिचालनको वातावरण सिर्जना गर्ने,
- पालिका तथा वडाहरु र विद्यालयहरुमा सरसफाई कोष स्थापना तथा वृद्धि र सञ्चालन गर्ने,
- गाउापालिकापालीका तथा वडा स्तरमा पूर्ण सरसफाई तथा खाद्य अनुगमन तथा प्रमाणिकरण संयन्त्र गठन र परिचालन गर्ने,
- आवश्यकतानुसार परामर्श, प्रोत्साहन गर्ने र उल्लेखनीय कार्य गर्नेलाई पुरस्कार, कदर, सम्मान ्गर्ने,
- असहाय तथा अति विपन्न परिवार, विपन्न परिवारका अपांगता भएका मानिसहरुको सरसफाई सुविधामा पहाचु का लागि विशेष पहलकदमी चाल्ने,
- नियमित बैठक तथा समिक्षा गोष्ठिहरु आयोजना गरि रणनीतिक योजना कार्यान्वयन र उपलब्धीको प्रभावकारीतालाई बढाउने ।

## ८.८ पूर्ण सरसफाइ उन्मुख समुदाय कार्ययोजना

| क स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | पूर्ण सरसफाई सम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने (पूर्ण सरसफाई अभियानका कर्मचारीहरु, र छनोट गरिएका प्रतिनिधिहरु -शैक्षिक,स्वास्थ्य, सामाजिक विकास, खानेपानी, मिडिया आदि क्षेत्र) | एम वास सिसि, सहयोगी निकाय | पालिका /वडा, सहयोगी निकाय, विकास साझेदार |
| २ | तालिम प्राप्त जनशक्तिको उपस्थितीमा टोल टोलमा आम भेला गरी पूर्ण सरसफाईको बारेमा सचेतना जगाई समति, अनुगमन समिति गठन गर्ने | वार्ड वास सिसि, सहजकर्ता | पालिका /वडा, सहयोगी निकाय,विकास साझेदार |
| ३ | सहभागितात्मक रुपमा आधारभुत तथ्याक विश्लेषण गरी कार्ययोजना तथा लक्ष्य सीमा निर्धारण गर्ने | सम्बन्धित समन्वय समिति,सहजकर्ता | पालिका /वडा, सहयोगी निकाय, विकास साझेदार |
| ४ | समुदाय स्तरीय ट्रिगरिंग / मास बैठक गरी पूर्ण सरसफाई बारेमा तपशिलका बिषयमा जनचेतना जगाई अभियान चलाउने | एम/वार्ड वास सिसि,सहजकर्ता | पालिका,वडा कार्यालय, तालिम प्राप्त मानव संसाधनहरु,विकास साझेदार |
| ५ | चर्पीको समूचित प्रयोग सम्बन्धी गतिबिधि सञ्चालन गर्ने ( प्रयोगकर्तामैत्री, छाना, ढोका, बार, खाडल सम्बन्धी सुधार, सफा गर्ने सामग्री, चप्पल आदिको व्यवस्था, बेबी पट) असुरक्षित चर्पीलाई विस्थापित गरी सुरक्षित चर्पी निर्माण गराउने, दिसाको लेदो व्यवस्थापन, पिसाबलाई मलको रुपमा प्रयोग गर्ने | समन्वय समिति,महिला स्वास्थ्य स्वयम् सेविका, शिक्षक, बिद्याथी,सहजकर्ता | पालिका,वडा कार्यालय, विकास साझेदार |
| ६ | व्यक्तिगत सरसफाई : हात धुने स्टेशन ( साबुन सहितको निर्माण तथा प्रयोग, जोखिमपूर्ण ६ अबस्था र हात धुने | समन्वय समिति,महिला | पालिका,वडा कार्यालय, विकास |

| | | | |
|---|---|---|---|
| | तरिका बारेमा ज्ञान र सीप विकास, अन्य व्यक्तिगत सरसफाई अभियान | स्वास्थ्य स्वयम् सेविका, शिक्षक, बिद्यार्थी,सहजकर्ता | साझेदार |
| ७ | महिनावारी हुादाको सरसफाई सम्बन्धी सचेतना फैलाउने, कपडाको प्याड बनाउने सीप विकास गर्ने, र स्थानीय बजारमा सेनेटरी प्याडको सहज उपलब्धता गराउने | गाउापालिका,वार्ड, क्लष्टर, टोल समिति, स्वास्थ्य चौकी,सहजकर्ता | पालिका,वडा कार्यालय, विकास साझेदार |
| ८ | सुरक्षित पानीमा पहुाच तथा प्रयोग : पानीको स्रोत वरिपरिको सफाइ ( प्लेटफर्म , निकाशा, पानीको भाडाको सफाइ र छोपेर राख्ने अभ्यास | सम्बन्धित घर,संस्थागत निकाय | पालिका,वडा कार्यालय, विकास साझेदार |
| ९ | पानीमा हानिकारक तत्व तथा किटाणु नभएको सुनिश्चितता (गुणस्तर परिक्षण) पानी सुद्धिकरण गर्ने साधन तथा विधिको<br>प्रयोग, | सम्बन्धित घर,संस्थागत निकाय,सहयोगी निकाय | पालिका,वडा कार्यालय, विकास साझेदार, खानेपानी कार्यालय |
| १० | सुरक्षित खानाको प्रयोग :<br>● खानेकुरा, पानी छोपेर राख्ने, बासी तथा सडेगलेका, म्याद नाघेका खानेकुरा नखाने,<br>● गाजर,मुला, फलफूल धोएर खाने,<br>● सफा भान्सा, भाडाकुडा सफा र्‍याकमा राख्ने | वार्ड,क्लष्टर,टोल वास सिसि, सम्बन्धित घर, सहजकर्ता | पालिका,वडा कार्यालय, विकास साझेदार |
| ११ | घरायसी सरसफाई : बडार्ने, लिपपोत गर्ने,<br>● भाडा माझ्ने जुठेल्नु बनाउने, चाङ्ग बनाउने,<br>● ठोस फोहोरमैलाको स्रोतमै वर्गीकरण गरी मल बनाउने, पुनः प्रयोग गर्ने, सामग्री बनाउने, बिक्री गर्ने जस्ता अभ्यास बसाउने<br>● फोहर मलाई तथा डष्टबिनको प्रयोग गर्ने, सुधारिएको चुल्होको प्रयोग,<br>● गोठ तथा भकारो सुधार,<br>● सिलौटा सुरक्षित स्थानमा छोपेर राख्ने,<br>● करेसाबारी एवं फूलबारी निर्माण | वार्ड,क्लष्टर,टोल वास सिसि, सम्बन्धित घर, सहजकर्ता | पालिका,वडा कार्यालय, विकास साझेदार, वन,कृषी, पशुसेवा कार्यालय |
| १२ | सरसफाई आचारसंहिता वोर्ड टोल टोलमा राख्ने र प्रभावकारी कार्यान्वयन गर्ने गराउने | सम्बन्धित तहका समितिहरु | पालिका,वडा, प्रहरी चौकी, विकास साझेदार |
| १३ | टोल सरसफाई - शूरुमा साप्ताहिक, पछि पाक्षिक) : सार्वजनिक स्थल, पोखरी, ताल, खोला, नदी, ऐतिहासिक तथा धार्मिक स्थल आदि) क्षेत्र | पालिका, वडा, टोल, बजार तहका समितिहरु | पालिका,वडा, उद्योग वाणिज्य संघ,आदि सरोकारवाला निकाय,विकास साझेदार |
| १४ | पसलेहरुसाग समन्वय गरी खानेपानी र सरसफाईका सामग्रीहरु स्थानीय बजारमा सुपथ मुल्यमा पाइने व्यवस्था मिलाउने | पालिका र वडा समन्वय समिति | पालिका /वडा, सहयोगी निकाय विकास साझेदार |

| | | | |
|---|---|---|---|
| १५ | घरदैलो कार्यक्रम गरी प्रगती अनुगमन गर्दै आवश्यकतानुसार प्रसंशा, उत्प्रेरणा जगाउने, प्रतिबद्धता लिने | वास समन्वय समिति, अनुगमन समिति, सहजकर्ता | पालिका,वडा, सहयोगी निकाय,विकास साझेदार |
| १६ | टोल, वडा, पालिका स्तरीय अनुगमन संयन्त्र परिचालन गर्ने | सम्बन्धित समन्वय समिति | पालिका,वडा, विकास साझेदार |
| १७ | टोल टोलमा भिडियो प्रर्दशन तथा उत्प्रेरणा, नाटक, गीत नाँच आदि कार्यक्रम गर्ने | सम्बन्धित समन्वय समिति | वार्ड वास सिसि, वडा, विकास साझेदार |
| १८ | मासिक रुपमा टोल भेला गरी प्रगती समिक्षा, अभिमुखीकरण तथा कार्य योजना | टोल तहका समितिहरु | वार्ड वास सिसि, वडा, विकास साझेदार |
| १९ | तथ्याङ्क अद्यावधिक गर्ने | सम्बन्धित समन्वय समिति | वार्ड वास सिसि, वडा, विकास साझेदार |
| २० | स्थानीय परिवेश र भाषा अनुरुप सूचना, शिक्षा र सञ्चार सामग्रीहरुको (होर्डिङ्ग बोर्ड, भित्ते लेखन, पोष्टर) विकास र वितरण | सम्बन्धित समन्वय समिति | पालिका,वडा,विकास साझेदार सहयोगी निकाय |
| २१ | खानेपानी,सरसफाई, स्वच्छता सम्बन्धी दिवस, सप्ताह मनाउने | सम्बन्धित समन्वय समिति | पालिका,वडा,विकास साझेदार सहयोगी निकाय |
| २२ | जिल्लाभित्र/ अन्तर वडा /अन्तर टोल अवलोकन भ्रमण गराउने | सम्बन्धित समन्वय समिति | पालिका,वडा,विकास साझेदार सहयोगी निकाय |
| २३ | समुदाय तथा टोल स्तरमा सरसफाई स्रोत केन्द्र स्थापना र सञ्चालन गराउने | सम्बन्धित समन्वय समिति | पालिका,वडा,विकास साझेदार सहयोगी निकाय |
| २४ | वडा तथा टोल स्तरमा सरसफाई कोष स्थापना र सञ्चालन गराउने | वार्ड वाससिसि, टोल समिति | पालिका,वडा,विकास साझेदार सहयोगी निकाय |
| २५ | सुरक्षित खाना सम्बन्धी सचेतना, बजारमा खाद्य सुरक्षा अनुगमन | पालिका र वडा कार्यालय | पालिका,वडा,विकास साझेदार सहयोगी निकाय |
| २६ | पुरस्कार तथा सम्मान - व्यक्ति, घर, टोल, संस्था) | सम्बन्धित समन्वय समिति | पालिका र वडा कार्यालय |
| २७ | समुदाय तथा टोल स्तरमा सरसफाई स्रोत केन्द्र स्थापना र सञ्चालन गराउने | सम्बन्धित समन्वय समिति | पालिका,वडा,विकास साझेदार सहयोगी निकाय |
| २८ | पूर्ण सरसफाई उन्मुख टोल तथा वडा घोषणा पूर्वको संयुक्त अनुगमन तथा प्रमाणीकरण | सम्बन्धित तथा उपल्लो तहको समन्वय समिति | पालिका,वडा,सहयोगी निकाय/सहजीकरण गर्ने निकाय |

| | | | |
|---|---|---|---|
| २९ | पूर्ण सरसफाई उन्मुख घर, टोल, वडा, अनुगमन, प्रमाणीकरण र घोषणा | सम्बन्धित तथा उपल्लो तहको समन्वय समिति | पालिका,वडा,सहयोगी निकाय/सहजीकरण गर्ने निकाय |
| ३० | घोषणा पश्चातको समिक्षा तथा दिगोपनाका लागि कार्य योजना तर्जमु | एम, वार्ड,टोल वास सिसि | पालिका,वडा,सहयोगी निकाय/सहजीकरण गर्ने निकाय |

### ८.८.१ अपेछित उपलब्धीहरु

उपलब्धि नं. १ : समुदायका सबै घर परिवारमा पक्की शौचालयको स्तरोन्नति गरी पूर्णरुपमा प्रयोग गरेका हुनेछन् ।

उपलब्धि नं.२ : खुल्ला रुपमा फोहोर फाल्ने प्रबृतिको नियन्त्रण र न्युनिकरण भएको हुनेछ । सो प्रयोजनका लागि कम्तिमा एउटा व्यवस्थित ल्याण्डफिल साइटको निर्माण हुनेछ ।

उपलब्धि नं ३ : गाउापालिकामा सार्वजनिक शौचालय निर्माण भइ व्यवस्थित रुपमा संचालनमा आउने छन ।

उपलब्धि नं ४ : समुदायका कम्तिमा आधा घरपरिवारको शौचालयको मानवजन्य लेदो व्यवस्थापन भएको र बांकी आधा घरपरिवारको स्वयमले नै सुरक्षित व्यवस्थापन भएको हुनेछ ।

उपलब्धि नं ५: समुदायका सम्पुर्ण व्यक्तिहरुले जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धोएका हुने छन ।

उपलब्धि नं ६: समुदायका सम्पुर्ण महिलाहरुले महिनावारी स्वच्छताको महत्व जानकारी पाउने छन । स्यानिटरी प्याड र पुन:प्रयोग गर्न मिल्ने सफा कपडाको प्रयोग गरेका हुनेछन ।

उपलब्धि नं.७ : वडा सभा र गाउा सभावाट प्रत्येक वर्ष खासस्व योजना कार्यान्वयनको लागि बजेट विनियोजन गर्नुका साथै प्रभावकारि नेतृत्वदायि भूमिका निर्वाह गरेका हुनेछन ।

## ८.९ पूर्ण सरसफाइ उन्मुख

आगामी १० वर्ष भित्रमा गाउापालिकामा रहेका सम्पुर्ण विद्यालयहरुमा सुरक्षित खानेपानी र प्रयोगकर्ता मैत्रि शौचालय संरचनाको विकास गरि वासमा तीन तारे विद्यालय घोषणा हुनेछ ।

### ८.९.१ राणनीतिक कार्यहरु

- विद्यालयको हाताभित्र पर्याप्त "वास" सेवाहरूको व्यवस्थापन गरिने छ ।
- वास सेवाहरूको योजना गर्दा बालबालिका, लैङ्गिक र अपाङ्गता भएका व्यक्तिको अवस्थालाई विशेष ध्यान दिई प्रविधिगत रूपमा पर्याप्त पानीको व्यवस्था र छात्र तथा छात्राको लागि छुट्टाछुट्टै चपीहरूको साथै साबुन पानीले हात धुने र महिनावारी स्वच्छता व्यवस्थापन समेतलाइ ध्यान दिइने छ ।

- विद्यालयमा सुरक्षित पानी, सफा चर्पी र स्वच्छता शिक्षाको अभ्यासलाइ प्राथमिकता दिइ हाजिरी दरमा मात्र वृध्दि नभइ बालबालिकामा राम्रो शैक्षिक अभ्यास गर्ने बानीको विकास गराइने छ। विद्यालय सरसफाईको लागि विद्यार्थी संख्याको अधारमा पयाप्त मात्रामा प्यान तथा यूरिनलहरूको व्यवस्था गरिने छ। विद्यालय हाताबभित्र फोहोरमैला फ्याक्न खाल्डो अनिवार्य हने छ।
- पालिकाले ३ ताराको प्रमाणीकरण प्रक्रिया र अनुगमन गने विधि परिभाषित गर्ने छ। प्रमाणीकरण र अनुगमन प्रक्रियालाइ सरल बनाइने छ र थोरै अुगमनका सूचकाङ्क राख्ने छ जसले प्रत्येक ताराको लागि प्रगति मापन गर्ने छ।

## ८.९.२ कार्ययोजना

| क.स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | शिक्षक, बाल क्लब, अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, सरसफाई फोकल शिक्षकको क्षमता अभिवृद्धि | एसवाससिसि, विद्यालय | पालिका विकास साफेदार |
| २ | प्रयोगकर्ता मैत्री (लैगिक, महिनावारी मैत्री, अपांगतामैत्री) शौचालयनिर्माण, स्तरोन्नती, संचालन तथा व्यवस्थापन | एसवाससिसि, विद्यालय | पालिका |
| ३ | विद्यालयमा सेनेटरी प्याड लगायतका व्यक्तिगत सरसफाई प्रवर्द्धनको सामग्रीको व्यवस्था (टावेल, नङ.कटर, ऐना आदि) | एसवाससिसि, विद्यालय | पालिका विकास साफेदार |
| ४ | वालमैत्री सुविधायूक्त पानी धाराको व्यवस्था | एसवाससिसि, विद्यालय | पलिका, पालिका विकास साफेदार |
| ५ | वाल वालिका मैत्री सुविधा भएको हात धुने निश्चित स्थान निर्माण | एसवाससिसि, विद्यालय | पालिका विकास साफेदार |
| ६ | विद्यालय सरसफाई कोष वृद्धि तथा सञ्चालन | एसवाससिसि, विद्यालय | पलिका, पालिका विकास साफेदार |
| ७ | पूर्ण सरसफाई प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन ( र्याली, हाजिरी जवाफ, घरदैलो, गीत, नाच, नाटक ई.) | एसवाससिसि, विद्यालय | पलिका, पालिका विकास साफेदार |
| ८ | सरसफाई स्रोत केन्द्र सञ्चालन | एसवाससिसि, विद्यालय | पलिका, पालिका विकास साफेदार |
| ९ | विद्यालयमा सरसफाई सम्बन्धी चेतनामूलक कृयाकलाप सञ्चालन | एसवाससिसि, विद्यालय | पलिका, पालिका विकास साफेदार |
| १० | विद्यालयद्वारा समुदायमा सरसफाई सचेतना अभिवृद्धि, अनुगमन तथा अभिप्रेरणा जगाउने | एसवाससिसि, विद्यालय | पालिका,वडा |
| ११ | सरसफाई फोकल शिक्षकबाट सरसफाई सम्बन्धी कक्षा सञ्चालन | एसवाससिसि, विद्यालय | पालिका,वडा |
| १२ | सरसफाई आचारसंहिता लागू गर्ने ( फेलेक्स वा भित्तेलेखन) | एसवाससिसि, विद्यालय | वडा, पालिका विकास साफेदार |
| १३ | साप्ताहिक तथा बार्षिक कार्ययोजना तयार पारी कार्यान्वयन गर्ने | एसवाससिसि, विद्यालय | पालिका |
| १४ | लैंगिक समावेसी सरसफाई अनुगमन तथा सुपरिवेक्षण योजना तयारी तथा कार्यान्वयन | एसवाससिसि, विद्यालय | पालिका |

| | | | |
|---|---|---|---|
| १५ | अन्तर विद्यालय अवलोकन भ्रमण | एसवाससिसि, विद्यालय | पालिका, विकास साझेदार |
| १६ | समिति, बाल क्लबको नियमित बैठक, समिक्षा | एसवाससिसि, विद्यालय | वडा,पालिका, विकास साझेदार |
| १७ | पूर्ण सरसफाईउन्मुख विद्यालय घोषणा पूर्वको अनुगमन | विद्यालय,वार्ड वास सिसि | एम वास सिसि,विकास साझेदार |
| १८ | पूर्ण सरसफाईउन्मुख विद्यालय घोषणा | एसवाससिसि, विद्यालय | वडा, पालिका, विकास साझेदार |

### ८.९.३ अपेछित उपलब्धीहरु

उपलब्धि नं. १ सबै सामुदायिक र संस्थागत शिक्षालयमा बाल, अपाङ्ग र लैंगिकमैत्री शौचालय भएका हुनेछन ।

उपलब्धि नं. २ सबै सामुदायिक र संस्थागत विद्यालयहरुमा खानेपानीको ब्यबस्था हुनेछ भने शौचालयहरु नियमित सरसफाई गरी प्रयोग योग्य हुनेछ ।

उपलब्धि नं. ३ विद्यार्थी, अभिभावक, शिक्षक तथा सरोकारवालाहरुमा वासमा तीन तारे विद्यालयको वारेमा अभिमुखीकरण गरी वासमा तारे विद्यालयका सवै सूचक पुरा गरी सम्पूर्ण बिद्यालयहरु पूर्णसरसफाई क्षेत्रको रुपमा विकसित भएको हुनेछ ।

## ८.१० कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा खानेपानी सरसफाइ तथा स्वछता

आगामी दुई वर्षमा यस गाउपालिका भरिका सबै सरकारी, गैर सरकारी र निजि क्षेत्रका कार्यालयहरुमा सुरक्षित खानेपानी र स्वच्छ शौचालयको व्यवस्था हुनेछ ।

### ८.१०.१ रणनीतिक कार्यहरु

- बालबालिका, लैङ्गिक र अपाङ्गता भएका व्यक्ति-मैत्री ‶वास” सेवाहरूको पर्याप्तता साथै साबुन पानीले हात धुने र महिनावारी सरसफाई व्यवस्थापनको प्रावधान सुनिश्चित गरिने छ ।
- सार्वजनिक संस्थाहरूले सुरक्षित, सफा चर्पी र उचित स्वच्छता अभ्यास कायम गर्नुपर्ने छ । संस्थाको हाताभित्र फोहोरमैला व्यवस्थापन गर्ने खाल्डो हनुपर्ने छ ।

### ८.१०.२ सरकारी तथा गैर सरकारी कार्यालयहरुमा पूर्ण सरसफाइ प्रवर्धन कार्ययोजना

| क्र.स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | कर्मचारीहरुको बैठक बसी सरसफाईको अबस्था विश्लेषण | सम्बन्धित | एमवाससिसि, |

| | | | |
|---|---|---|---|
| | गरि कार्य योजना तयार पार्ने, सरसफाई फोकल पर्सन तोक्ने | कार्यालय तथा संघसंस्थाका वास सिसिमा आवद्ध व्यक्तिहरु | विकास साझेदार |
| २ | सरसफाई कार्य योजना, सरसफाई आचारसंहिता बनाई कार्यान्वयन गर्ने | सम्बन्धित कार्यालय तथा संघसंस्थाका फोकल पर्सन | एमवाससिसि, विकास साझेदार |
| ३ | कार्यालयहरुमा प्रयोगकर्तामैत्री शौचालय निर्माण तथा स्तरोन्नती गर्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ४ | कार्यालयमा महिलाका लागि कम्तिमा १ महिनावारी शौचालयको व्यवस्था गर्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ५ | चर्पी सरसफाई सामग्रीको व्यवस्थापन र प्रयोग गरी चर्पीको सरसफाई कायम राख्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ६ | सावुन पानीले हात धुने स्थान र सावुनको उपलब्धता गर्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ७ | व्यवस्थित् खानेपानीको व्यवस्थापन तथा सुरक्षित पिउनेपानीको व्यवस्था मिलाउने (पानी सुद्धिकरण) | सम्बन्धित कार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ८ | कार्यालयमा पूर्ण सरसफाई तथा बानी परिवर्तन सम्बन्धी अभिमुखिकरण सञ्चालन गर्ने | सम्बन्धित कार्यालय, | एमवाससिसि, विकास साझेदार |
| ९ | फोहोर व्यवस्थापनको लागि जैविक तथा अजैविक फोहोरलाई अलग अलग छुट्याउने तथा व्यवस्थापन गर्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| १० | कर्मचारीको व्यक्तिगत सरसफाई तथा कार्यालय तथा कार्य कक्षको सरसफाईलाई पनि कार्य सम्पादन मूल्यांकनको रुपमा लागु गर्ने | सम्बन्धित कार्यालयका प्रमुख, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ११ | कार्यालय परिसर, कोठा सफा राख्ने, कोठाहरुमा डष्टबिनको प्रयोग गर्ने | सम्बन्धित कार्यालय,फोकल पर्सन | एमवाससिसि, विकास साझेदार |
| १२ | कार्यालय हाता भित्र फूल तथा बगैचा बनाइ हरियाली कायम गर्नको लागि वृक्षारोपण गर्ने | सम्बन्धित कार्यालय | एमवाससिसि, विकास साझेदार |
| १३ | प्रत्येक कर्मचारी बैठकमा सरसफाईको एजेण्डा माथि छलफल गर्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| १४ | कार्यालयहरुमा सरसफाई सम्बन्धि सन्देशहरु राख्ने | सम्बन्धित | एमवाससिसि, |

| | | | |
|---|---|---|---|
| | | कार्यालय, फोकल पर्सन | विकास साझेदार |
| १५ | आवश्यकतानुसार भवन तथा कम्पाण्ड रंगरोगन गर्ने | सम्बन्धित कार्यालय | नेपाल सरकार, पालिका |
| १६ | साप्ताहिक तथा अन्य समयमा आयोजना गरिने सरसफाई अभियानमा सहभागीता जनाउने | सम्बन्धित कार्यालय कर्मचारी सबै | पालिका, एमवाससिसि, विकास साझेदार |
| १७ | गाउपालिका परिषद्, विश्व वातावरण दिवस, राष्ट्रिय सरसफाई सप्ताहको अवसरमा खानेपानी तथा पूर्ण सरसफाई प्रवर्द्धनमा उत्कृष्ट कार्य गर्ने व्यक्ति,कार्यालय तथा संघसंस्थालाई पुरस्कारको व्यवस्था गर्ने | सम्बन्धित कार्यालय, एमवाससिसि, | पालिका, विकास साझेदार |
| १८ | कार्यालय सरसफाई सम्बन्धी अनुगमन तथा मुल्याांकन गरी (बार्षिक २ पटक) प्रतिबेदन सार्वजनिक गर्ने | एमवाससिसि, संयुक्त अनुगमन समूह | पालिका, विकास साझेदार |
| १९ | पूर्ण सरसफाई उन्मुख अबस्था हासिल भएपछि सम्बन्धित निकायमा अनुगमन तथा प्रमाणीकरणका लागि समन्वय गर्ने | सम्बन्धित कार्यालय प्रमुख, फोकलपर्सन | एम/वार्ड वास सिसि |
| २० | पूर्ण सरसफाई उन्मुख कार्यालय घोषणा तथा हरियो स्टीकर टाास गर्ने | सम्बन्धित कार्यालय र वाससिसि | एम वास सिसि, पालिका, विकास साझेदार |

### ८.१०.३ अपेछित उपलब्धीहरु

उपलब्धि नं. १ सम्पूर्ण कार्यालयहरुमा प्रयोगकर्तामैत्री शौचालय, खानेपानी र हात धुने व्यवस्था भएको हुनेछ ।

उपलब्धि नं. २ सबै कार्यालयहरुमा आआफ्नो कार्यालयको व्यवस्थापनका साथै रंगरोगन र बगैचा व्यवस्थित भएको हुनेछ ।

उपलब्धि नं. ३ सम्पूर्ण कर्मचारीहरुको सरसफाई सम्बन्धि व्यवहारमा परिवर्तन आएको हुनेछ ।

### ८.११ स्वास्थ्य संस्था सरसफाइ प्रबर्धन कार्ययोजना

| क्र.स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | कर्मचारीहरुको बैठक बसी पूर्ण सरसफाईको बारेमा छलफल गर्ने,सरसफाई फोकल पर्सन तोक्ने | सम्बन्धित कार्यालय प्रमुख, फोकल पर्सन | एम/वार्ड वाससिसि |
| २ | अबस्था बिश्लेषण गरी कार्य योजना तयार पार्ने | सम्बन्धित कार्यालय तथा फोकल पर्सन | एम/वार्ड वाससिसि, विकास साझेदार |

| | | | |
|---|---|---|---|
| ३ | सामुदायिक महिला स्वयम् सेविका,स्वस्थ आमा समूहहरुलाई पूर्ण सरसफाई सम्बन्धी अभिमुखीकरण गर्ने | सम्बन्धित कार्यालय, एम वार्ड वाससिसि | पालिका, विकास साझेदार |
| ४ | सरसफाई आचारसंहिता बनाई कार्यान्वयन गर्ने | सम्बन्धित कार्यालय फोकल पर्सन | एम/वार्ड वाससिसि, विकास साझेदार |
| ५ | सामुदायिक महिला स्वयम् सविकाहरुको मासिक बैठकमा सरसफाई बारे छलफल गर्ने, वडामा परिचालन गर्ने | सम्बन्धित कार्यालय फोकल पर्सन | एम/वार्ड वाससिसि, विकास साझेदार |
| ६ | आवश्यकतानुसार शौचालयहरुलाई स्तरोन्नती गरि प्रयोगकर्तामैत्री बनाउने ( बाल,लैंगिक, अपांगता, सुत्केरी,बिरामी, महिनावारीमैत्री) | सम्बन्धित कार्यालय, फोकलपर्सन, वार्ड वास सिसि | पालिका, विकास साझेदार |
| ७ | शौचालय प्रयोगपछि हात धुनका लागि प्रयोगकर्तामैत्री हात धुने स्टेशन निर्माण तथा सावुन र पानीको व्यवस्थापन गर्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन, वार्ड वास सिसि | पालिका, विकास साझेदार |
| ८ | फोहोर व्यवस्थापनको लागि जैविक तथा अजैविक फोहोरलाई अलग अलग छुट्याउने तथा व्यवस्थापन गर्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | पालिका, विकास साझेदार |
| ९ | जोखिमयुक्त फोहोरहरुको उचित संकलन र विर्सजन ( स्वास्थ्य मापदण्ड बमोजिम) | सम्बन्धित कार्यालय, फोकलपर्सन | पालिका, विकास साझेदार |
| १० | इन्सिरेटर निर्माण तथा व्यवस्थापन ( नभएका आवश्यकमा) | सम्बन्धित कार्यालय, फोकलपर्सन | पालिका, विकास साझेदार |
| ११ | व्यवस्थित् तथा प्रयोगकर्तामैत्री सुरक्षित खानेपानी को सेवा उपलब्ध गराउने ( पानी सुद्धिकरण, बाल तथा अपांगमैत्री) | सम्बन्धित कार्यालय, फोकलपर्सन | पालिका, विकास साझेदार |
| १२ | कार्यालय परिसर, कोठा सफा राख्ने, कोठाहरुमा डष्टबिनको प्रयोग गर्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | पालिका, विकास साझेदार |
| १३ | कार्यालय हाता भित्र फूल तथा बगैचा बनाइ हरियाली कायम गर्नको लागि वृक्षारोपण गर्ने | सम्बन्धित कार्यालय | पालिका, विकास साझेदार |
| १४ | कार्यालयहरुमा सरसफाई सम्बन्धी सन्देशहरु राख्ने | सम्बन्धित कार्यालय, फोकलपर्सन | एम/वडा वाससिसि, विकास साझेदार |
| १५ | खानेपानी,सरसफाई,स्वच्छता सम्बन्धी दिवसहरु मनाउने | सम्बन्धित कार्यालय | एम/वडा वाससिसि, विकास साझेदार |
| १६ | पूर्ण सरसफाई उन्मुख अबस्था हासिल भएपछि सम्बन्धित निकायमा अनुगमन तथा प्रमाणीकरणका लागि समन्वय | सम्बन्धित कार्यालय | एम/वार्ड वाससिसि |

| | | | |
|---|---|---|---|
| | गर्ने | | |
| १७ | पूर्ण सरसफाई उन्मुख स्वास्थ्य संस्था घोषणा गर्ने | सम्बन्धित कार्यालय, र वार्ड वाससिसि | विकास साझेदार |

## ८.१२ शहरी क्षेत्रमा सरसफाइ सामाग्रीको बजारिकरण र सरसफाइ प्रबर्धन कार्ययोजना

आगामी दस वर्षमा यस गाउपालिका भरिका सबै बजार क्षेत्रमा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणाली स्थापना भएको हुने छ ।

| क्र.स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | बजार स्तरीय खानेपानी,सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गर्ने वा बजार व्यवस्थापन समितिलाई नै बजार क्षेत्रमा पूर्ण सरसफाई प्रवर्द्धनमा जिम्मेवारी तोक्ने | एम/वार्ड वास सिसि | उद्योग वाणिज्य संघ, पालिका, विकास साझेदार |
| २ | बजार भेला गरि कार्य योजना तयार पार्ने र कार्यान्वयन गर्ने | बजार समिति, एम/वार्ड वास सिसि | उद्योग वाणिज्य संघ, पालिका, विकास साझेदार |
| ३ | ठाउ ठाउमा शिक्षा, सूचना, सावधान मूलक बोर्डहरु राख्ने (घर पसल, होटल आदिसाग साझेदारिता तथा सौजन्यमा) | बजार समिति, एम/वार्ड वास सिसि | उद्योग वाणिज्य संघ, पालिका, विकास साझेदार |
| ४ | घरायसी तहमा फोहोरलाई स्रोत मै वर्गीकरण गरि डष्टबिन, बोरामा राख्ने, मल बनाउने, वा ल्याण्डफिल साइटमा पठाउने | बजार समिति, बजारबासी, टोल | पालिका /सहयोगी निकाय |
| ५ | फोहोर मैला व्यवस्थापन सम्बन्धी बजार स्तरीय आचारसंहिता निर्माण तथा कार्यान्वयन गराउने | बजार समिति, एम/वार्ड वास सिसि | पालिका /सहयोगी निकाय |
| ६ | साप्ताहिक रुपमा सार्वजनिक स्थलको सरसफाई गर्ने ( राजमार्ग,सडक, धार्मिक तथा ऐतिहासिक स्थलह्रु, ताल,पोखरी,खोला आदि) | बजार समिति, एम/वार्ड/टोल वास सिसिसि | पालिका, बजार व्य स, टोल विकास समिति |
| ७ | फूलबारी निर्माण, करेसाबारी निर्माण, कौशी खेती सम्बन्धी अभियान चलाउने | पालिका/वडा समन्वय समिति, बजार, टोल समिति | कृषि कार्यालय/सहयोगी निकाय |
| ८ | सार्वजनिक शौचालय निर्माण तथा स्तरोन्नती र व्यवस्थापन सम्बन्धी कार्य गर्ने | बजार समिति, सा.शौ.सं.स., एम/वार्ड/टोल वास सिसि | पालिका, उद्योग संघ, विकास साझेदार |
| ९ | व्यवस्थित र सुरक्षित खानेपानी निर्माण तथा व्यवस्थापन, पानी शुद्धीकरण विधि सम्बन्धी कार्यमूलक तथा | एम/वार्ड वास सिसि, ब.व्य.स. | पालिका, विकास साझेदार |

| | | | |
|---|---|---|---|
| | सचेतनामूक गतिबिधिहरु सञ्चालन गर्ने | | |
| १० | ढल निर्माण तथा व्यवस्थापन गर्ने ( आवश्यक स्थानमा) | एम/वार्ड वास सिसि | पालिका, विकास साझेदार |
| ११ | सेनेटरी ल्याण्डफिल साइट निर्माण तथा सञ्चालन गर्ने ( पालिकामा कम्तिमा १) | एम/वार्ड वास सिसि | पालिका, विकास साझेदार |
| १२ | प्लाष्टिकको झोलामुक्त सफा शहर अभियान चलाउने | एम/वार्ड वास सिसि, ब.व्य.स. | पालिका, विकास साझेदार,उद्योग वा.सं |
| १३ | आवश्यक स्थानहरुमा बधशालाहरु निर्माण गर्ने | व्यवसायी आफै, उ.वा.सं, ब.व्य.स. | पालिका, कृषि तथा पशुसेवा कार्यालय |
| १४ | पार्क निर्माण तथा व्यवस्थापन गर्ने ( पालिकामा कम्तीमा ३ स्थानमा) | एम/वार्ड वास सिसि, ब.व्य.स. | पालिका, वडा, सरोकारवाला |
| १५ | खानेपानी र सरसफाईका सामग्रीहरुको सहज उपलब्धताका लागि पसल तथा सप्लायरसाग समन्वय गर्ने | एम/वार्ड वास सिसि, ब.व्य.स. | पालिका, उद्योग संघ, विकास साझेदार |
| १६ | खानेपानी र सरसफाईका सामग्रीहरुको सहज उपलब्धता स्थानीय स्तरमा गराउने | एम/वार्ड वास सिसि, ब.व्य.स. | पालिका, उद्योग संघ, विकास साझेदार |
| १७ | सार्वजनीक स्थल, खेलकुद स्थल र वस पार्कमा शौचालय एवं पानीको ब्यवस्था मिलाउने | सम्बन्धित वाससिसि, बव्यस, वडा, पालिका, खासउस, | विकास साझेदार, उवासंघ |
| १८ | समय समयमा रोचक सचेतनामूलक, प्रचार प्रसारात्मक कृयाकलापहरु सञ्चालन गर्ने | एम/वार्ड वास सिसि, ब.व्य.स. | विकास साझेदार, उवासंघ, पालिका, वडा |
| १९ | सार्वजनिक शौचालयनिर्माण तथा सञ्चालन सम्बन्धि र फोहोर व्यवस्थापन सम्बन्धि नीति तयार पारी कार्यान्वयन गर्ने | सम्बन्धित वाससिसि, बव्यस, उवासंघ | विकास साझेदार |
| २० | पूर्ण सरसफाई उन्मुख बजार विकासका लागि उत्प्रेरणा, पुरस्कार, सम्मान | सम्बन्धित वाससिसि, बव्यस, उ.वा.स | पालिका,विकास साझेदार |

### ८.१२.१ अपेछित उपलब्धीहरु

उपलब्धि नं १: दस बर्ष भित्र सम्पूर्ण बजार क्षेत्रमा फोहोरको वर्गिकरण गरि फोहोर संकलन तथा व्यवस्थापनका लागि ल्याण्डफील साइट निर्माण तथा परिचालन भएको हुनेछ ।

उपलब्धि नं २: दस बर्षभित्र सम्पूर्ण बजार क्षेत्रमा ढलहरु निर्माण हुने र ढलको व्यवस्थापनका लागि ढल प्रशोधन इकाइहरु बनाएर परिचालन भएको हुनेछ ।

## ८.१३ सुरक्षित खानाको प्रयोग सम्बन्धी व्यवहार प्रबर्धन र खाद्य सुरक्षा कार्ययोजना

| क्र.स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | टोल टोलमा सुरक्षित एवं पोषणयुक्त खाना सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | एम/वार्ड वास सिसि | स्वास्थ्य संस्था, पोषण कार्यक्रम, विकास साझेदार |
| २ | सफा र व्यवस्थित भान्सा अभियान सञ्चालन गर्ने ( धुवारहित चुल्होको प्रयोगसम्बन्धी उत्प्रेरणा जगाउने, भाडा राख्ने र्‍याकको व्यवस्था गर्न लगाउने, पर्याप्त उज्यालोपन,भाडाको सफाइ) | एम/वार्ड वास सिसि | स्वास्थ्य संस्था, पोषण कार्यक्रम, विकास साझेदार |
| ३ | घरदैलो गरि चिया खाजा पसल,रेष्टुरा,होटल आदिमा पकाइएका खानेकुरालाई सुरक्षित तवरले राख्न जालीको व्यवस्था गर्न लगाउने | एम/वार्ड वास सिसि, होटल व्यवसायी संघ | पालिका, स्वास्थ्य संस्था, विकास साझेदार |
| ४ | खाद्य सुरक्षा कार्य दल गठन तथा चौमासिक रुपमा परिचालन गर्ने, प्रतिवेदन सार्वजनिक गर्ने | एम/ वार्ड वास सिसि | पालिका, उद्योग व्यवसायी संघ |
| ५ | विद्यालय तथा कार्यालयमा जंक फूड निशेधित क्षेत्रको रुपमा विकास गर्न आवश्यक सचेतना तथा आचारसंहिताको निर्माण र कार्यान्वयन गर्ने | एम/ वार्ड वास सिसि, विद्यालय, सम्बन्धित कार्यालय | पालिका, उद्योग व्यवसायी संघ |

## ८.१४ सरसफाइ योजना (पहिचान, निर्माण तथा स्तरोन्नती)

### ८.१४.१. घरयासी शौचालय निर्माण तथा स्तरोन्नति

घरयासी शौचालयहरु निर्माण तथा स्तरोन्नतिका लागि अनुगमन समिति बनाएर चर्पी नभएका घरहरुलाई निश्चित समय दिएर बनाउन लगाइने छ र चर्पी नबनाउने घरहरुलाइ रणनितिमा उल्लेख भए बमोजिम कारवाहीको प्रकृया अगाडी बढाइने छ ।

### ८.१४.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति

सार्वजनिक तथा संस्थागत शौचालय निर्माण, संचालन तथा मर्मतका लागि सम्वन्धित संस्थाहरुलाई जिम्मेवार बनाइने छ । धेरै जसो स्थानमा शौचालयहरु भएको तथा संचालनको अवस्था खराव रहेको र संरचनाहरु बल मैत्रि, अपाङ्ग मैत्रि तथा महिला मैत्रि नभएको अवस्थामा मर्मत सम्भार तथा स्तरोन्नतिका अलावा सार्वजनिक शौचालयहरुको हकमा भने मर्मत सम्भारको ग्यारेन्टि पछि मात्र निर्माण गरिने छ ।

## ८.१५ महिनावारि स्वछता प्रवर्धन योजना

यस गाउापालिकामा महिनावारी स्वच्छताको समग्र अवस्था सन्तोषजनक छ । घर सर्वेक्षण र छलफलका कममा पाएको तथ्यका आधारमा धेरै जसो महिलाहरु पुर्नपयोग गर्न सकिने कपडाको प्रयोग गर्ने गरेका छन र युवतीहरुमा भने स्यानिटरी प्याडको प्रयोग गर्ने गरेको पाइएको छ तर प्रयोग गरि सके पछिको व्यवस्थापनको अवस्था नाजुक रहेको छ । महिनावारी व्यवस्थापनका लागि पुर्नप्रयोग गरिने कपडाको स्वच्छतामा भने केहि प्रश्नहरु खडा भएका छन । यसकारणले आर्थिक अवस्थामा सुधार गरि स्यानिटरी प्याड प्रयोग गर्नलाई भने प्रोत्साहन गर्नका लागि शैक्षिक संस्था, आमा समुहहरु र किशोरिहरुमा वकालत गरिने छ। विद्यालयहरुमा पनि महिनावारी व्यवस्थापनको अवस्था सन्तोषजनक नरहेकोले बिद्यालयहरुमा पनि महिनावारी व्यवस्थापनका योजनाहरु कार्यान्वयन गरिने छ।

## ८.१६ साबुन पानीले हात धुने कार्ययोजना

जोखिमपूर्ण अवस्थामा साबुनपानीले हात धुने घरपरिवारको अवस्था सन्तोषजनक रहे पनि यस्ता परिवारको संख्या सत प्रतिशत गरिनु पर्ने देखिएको छ । यस कार्यका लागि विद्यालयहरुमा विद्यार्थीहरु द्वारा र समुदायहरुमा आमा समुहहरद्वारा अभियानको रुपमा सन्चालन गरिने छ।

## ८.१७ पूर्ण सरसफाइ का सुचक, घोषणा र प्रमाणिकरन प्रक्रिया

नेपालको पूर्ण सरसफाई मार्गदर्शन २०७३ अनुसार पूर्ण सरसफाई अभियान अर्न्तगत सफा र स्वच्छ चरण एवं पूर्ण सरसफाई उन्मुख चरणको स्व घोषणा वा प्रमाणीकरणका लागि अनुगमन गर्दा तपशिलका सूचकहरुलाई आधार मानी उक्त क्षत्रको अबस्थाको लेखाजोखा, घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अबलम्बन गरिने छ।

### ८.१७.१ सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरु

तल दिइएका ७ वटा मुख्य सूचकहरु अध्ययन गरी सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र भनी स्व-घोषणा वा प्रमाणीकरण सकिने छ।

#### ८.१७.१.१. योजना तर्जुमा तथा व्यवस्थापन

- समन्वय समिति सक्रिय रहेका,
- वास योजना तर्जमा भएको
- क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएका,

#### ८.१७.१.२. चर्पीको समुचित प्रयोग

- प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएका,
- साबुन पानी सहितको सुरक्षित, सफा चपी भएका,
- खुला ठाउमा दिसा नभेटिएका,
- संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएका,

#### ८.१७.१.३. व्यक्तिगत सरसफाई

- प्रत्येक घरले उपयक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएका,
- घर, विद्यालय संघसस्थंा र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र सावुन पानी) भएका,
- घर, विद्यालय, स्वास्थ्य सस्थंा, कायालयहरुमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,
- व्यक्तिगत सरसफाइमा ध्यान पर्‍याएका (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)

### ८.१७.१.४. सुरक्षित पानीमा पहाुच तथा प्रयोग

- आधारभूत स्तरको खानेपानीमा सबैको पहाुच भएका,
- खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेका,
- घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएका,

### ८.१७.१.५. सुरक्षित खानाको प्रयोग

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेका र बासी तथा सडेगलेको खाना नखान/नबेच्न गरेका
- खाना पकाउने र खाने भााडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेका,
- फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- सुरक्षित खानाका अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेका,

### ८.१७.१.६. घरायसी एवं संस्थागत सरसफाई

- घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेका,
- विद्यालय, संघसस्थंा र सार्वजनिक शौचालयहरुमा मासिक धर्म/महिनावारीमा प्रयोग गरिएका स्यानीटर प्याड वा अन्य साधनहरुका सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर आगान एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिन र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एव विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएका,
- अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेका,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेका,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुन उचित व्यवस्था तथा धुावा रहित चुल्होको प्रयोग भएको,

### ८.१७.१.७. वातावरणीय सरसफाई

- गाउा, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएका,

- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहार (मानव मलमुत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएका (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक ट्यांकमा जोडिएको
- मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको
- नगर वा नगरोन्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) का उचित व्यवस्थापन भएको,
- नगर र नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएका,
- व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली) का योजना तर्जुमा भएका,

### ८.१७.२. पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरु

- प्रयोगकता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएका,
- नेपाल गुणस्तर मापदण्ड अनुसारका पिउन पानीमा सबैका पहुाच भएका,
- ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएका
- नगर र नगरोन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएका,
- ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइटको निर्माण गरी संचालनमा रहेका,
- नगर र नगरोन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्पादन, पुनःप्रयोग र रिसाइकल गर्ने व्यवस्था भएका,
- आकासेपानी संकलन र उपयोग गरेका,
- नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेका,
- बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएका,

### ८.१७.३. घोषणा प्रक्रिया

कुनै टोल, वडा द्वारा पूर्ण सरसफाईका सफा र स्वच्छ चरणको सूचक पूरा गरेपछि सम्बन्धित समन्वय समिति वा कार्यदलले उक्त क्षेत्रको अनुगमन गरी सफा र स्वच्छ क्षेत्रका उल्लिखित सूचकहरु पूरा भएको अवस्थामा आफ्नो क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रका रुपमा स्व-घोषणा गर्ने छ।

### ८.१७.४. प्रमाणीकरण प्रकिया

सफा र स्वच्छ क्षेत्र घोषणा गरिएपछि त्यस क्षेत्रलाई एक तह माथिको समन्वय समितिबाट अनुगमन गराई सफा र स्वच्छ क्षेत्रका रुपमा प्रमाणीकरण गरिने छ । एक तह माथिको समन्वय समितिको प्रमाणीकरण पश्चात वडा कार्यालयले आफ्नो कार्यालयमा उल्लेखित ढााचा अनुसारको स्टीकर टाास्ने छ। एक तह मुनिको समन्वय समितिबाट प्रमाणीकरणका लागि अनुरोध गरेमा एक तह माथिको समन्वय समितिले अनुगमन तथा अवलोकन गरी प्रमाणीकरण गर्नेछ । कुनै पनि टोल, वडामा सञ्चालित पूर्ण सरसफाई अभियानका कियाकलापहरुको स्व-अनुगमन तथा अनुगमन गर्दा माथि उल्लिखित सफा र स्वच्छ क्षेत्रका सम्बन्धित सूचकह?लाई आधार मानी सफा र स्वच्छ अवस्था कायम भए वा नभएको सुनिश्चितता गरिने छ । सबै

टोलहरु सफा र स्वच्छ क्षेत्र कायम भएपटि वडा क्षेत्रलाई सोही प्रक्रिया अनुरुप सफा र स्वच्छ क्षेत्र स्व-घोषणा तथा अनुमोदन एवं प्रमाणीकरण पनि गर्न सकिने छ। पूर्ण सरसफाई उन्मुख अवस्थाको सुनिश्चितता गर्नको लागि सरसफाई मार्गदर्शनले निर्दिष्ट गरेका सूचकहरु साथै यस रणनीतिक योजनाका विभिन्न विषय क्षेत्रमा निर्धारित सूचकहरु समेतलाई समेटेर एकीकृत चेकलिष्ट तयार गरी सो को आधारमा सहभागितात्मक अनुगमन पद्धति अगाडि बढाइनेछ। समग्रमा देहाय बमोजिमको अनुगमन सन्यंत्र तथा पद्धतिको आधारमा अनुगमनको कार्य अगाडि बढाइनेछ।

### ८.१७.५. सफा र स्वच्छ क्षेत्र घोषणा र पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा पश्चात स्टीकरको नमुना







### ८.१७.६. निरीक्षण, अनुगमन, मल्याङ्कन र प्रतिवेदन

कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गणात्मक उपलब्धि र दिगोपनका लागि निरन्तर निरीक्षण, अनुगमन, मल्याङ्कन र प्रतिवेदन तैयारी गर्ने कायलाइ संस्थागत गरिन छ। कार्यकमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि घरायसी तथा संस्थागत तहमा निरीक्षण गरिनेछ। अनगमनका नीतिगत पक्ष, कार्यान्वयन विधि, बाधाअवरोध, चुनौती, अवसर, काय कशलता, प्रभावकारिता तथा प्राविधिक पक्ष लगायतका विषयहरुमा केन्द्रित रहने छ। पूर्ण सरसफाई प्रवर्द्धनका लागि तपसिल बमोजिमका अनुगमन पद्धतिहरु अवलम्वन गरिने छन्।

#### ८.१७.६.१. स्वअनुगमन

सरसफाई अभियानका गाउा तहदेखि केन्दसम्म आफूले गरेका कामहरु र कार्यक्रमका उपलब्धिहरुलाई कार्यान्वयनकर्ता संस्था स्वयंले गर्ने गरी सम्बन्धित सरोकारवालाहरुको सहभागितामा वार्षिक स्व-अनुगमन गरिने छ।

## ९. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना

### ९.१ विपद जोखिम व्यवस्थापन

यस गाउापालिकामा विविध प्रकारका विपदहरु विद्यमान रहेका छन। बाढी, आगलागी, खडेरी, भुकम्प आदि विपदहरु बारम्वार दोहोरि राख्ने विपदहरु हुन। बाढी भुकम्प जस्ता ठुला बाढीका बेलामा खानेपानी र

सरसफाईको क्षेत्रमा ठुलो असर गर्ने गरेका र व्यवस्थित गर्न नसकेमा विपदले भन्दा पनि त्यस पछिको असरले ज्यान जोखिममा परेका प्रशस्त उदाहरणहरु छन । त्यसैले बिपदका बेलामा पर्न आउने समस्यालाई ध्यानमा राखि पुर्व तयारी सहितको विपद व्यवस्थापन योजना बनाई राख्नु अनिवार्य देखिएको छ । खानेपानी र सरसफाई विपद व्यवस्थापन जोखिम न्युनिकरणका लागि उल्लेखित कायक्रर्महरु विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा गााउपालिकामा संचालन गरिने छ ।

- ठुला र व्यवस्थित खानेपानी योजना सम्पन्न नभइ सकेको अवस्थामा प्रत्येक समुदायमा कम्तिमा एक वटा उच्च प्लेटफर्म भएको करिब १०० मिटर गहिराईको हाते पम्प बनाउने र आपतकालिन बाढीको अवस्थामा त्यो हातेपम्प प्रयोग गर्न प्रोत्साहन गर्ने
- सार्वजनिक र संस्थागत शौचालयहरु पनि बाढि आउने अधिकतम सतह भन्दा माथि सम्म उठाएर निर्माण गर्ने
- गाउंपालिका तथा वडा स्तरीय समिति तथा उपसमितिहरुलाई आपतकालिन समयमा खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा गर्नु पर्ने पूर्व तयारी बिषयमा तालिम उपलब्ध गराइ समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गराइने छ ।
- विभिन्न क्लस्टरहरुसाग वास क्लस्टरको समन्वय गराउने ।
- विपद् सम्बन्धी तयार भएको रणनीतिक कार्य योजनालाई अद्यावधिक गर्ने ।
- गाउंपालिका स्तरबाट जोखिमको नक्सांकन गर्ने
- पियूष, वाटरगार्ड जस्ता क्लोरिनेसन गर्ने औषधिको भण्डारण मजबुत राख्ने ।
- तुरुन्त तयार गर्न सकिने डिजाइनको चर्पी निर्माण गर्ने सामग्रीहरुको भण्डारण गर्ने ।
- पानीको गुणस्तर जााच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।
- सहजकर्ता/स्वयंसेवकहरु तलिम दिइ विपद्को अवस्थामा खानेपानी सरसफाई तथा स्वच्छताका निमित्त परिचालन गर्ने ।
- मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।
- आपत्कालिन अवस्थाको लागि शीघ्र उद्धारका कार्य पद्धतिको विकास र अवलम्बन गर्ने ।
- आपतकालिन अवस्थाको लागि तय गरिएका खुला स्थानहरुको पहिचान र जानकारी सम्पुर्ण समुदायमा गराउने
- समुदायहरुलाई जोखिम प्रतिरोधि संरचनाहरु निर्माणमा सहजिकरण गने
- गाउंपालिकामा जगेडा कोष व्यवस्थापन गर्ने ।
- सूचना व्यवस्थापन व्यवस्थित गर्ने ।
- विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।

## ९.२ जलवायु परिवर्तन अनुकुलन

राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अनुसन्धानले नेपाल विश्वमा नै जलवायु परिवर्तनको असरको उच्च जोखिममा रहेको बताइरहेका बेला विशेष गरी गााउपालिकाका सन्दर्भमा वन विनास र खोलाहरुको गिट्टी बालुवाको अत्याधिक दोहन नै विपद तथा जलवायु परिवर्तनको कारक बनेको छ । हामी एक्लैको प्रयासले जलावायु परिवर्तनको असरलाई रोक्न सक्दैनौं । तसर्थ हामीले परिवर्तनलाई आत्मसात गर्दै तयारी अवस्थामा

रहनुको विकल्प छैन । तसर्थ निम्न उल्लेखित कार्यहरु संचालन गरी जलवायु परिवर्तनका असरहरुको अनुकुलन गरिनेछ।

| क.स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | गाउापालिकामा जलवायू परिवर्तन र विपद न्यूनिकरण सम्बन्धि अभिमुखिकरण तालीम सञ्चालन | सम्बन्धित वाससिसि, स्थानीय तह | विकास साझेदार |
| २ | गाउापालिकामा जलवायू परिवर्तन र विपद न्यूनिकरण सम्बन्धि तालीम प्राप्त मानव संसाधनको रोष्टर तयार गर्ने | डिवाससिसि, सचिवालय | विकास साझेदार |
| ३ | जलवायु अनुकुलन योजना तयारी तथा कार्यान्वयन - पालिका र वडा तहमा) | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| ४ | विपत न्यूनिकरण तथा व्यवस्थापन योजना तयारी तथा कार्यान्वयन (पालिका र वडा तहमा) | सम्बन्धित वाससिसि, स्थानीय तह तथा आम जनसमुदाय | विकास साझेदार |
| ५ | जलबायू परिवर्तनका असर तथा जोखिम न्यूनीकरण गरी निर्माण तथा मर्मत सुधार गरि खानेपानी आयोजना सञ्चालन | सम्बन्धित वाससिसि, स्थानीय तह तथा आम जनसमुदाय | विकास साझेदार |
| ६ | जलबायू परिवर्तनका असर तथा जोखिम न्यूनीकरण गरी बाटोघाटो लगायतका संरचना निर्माण गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह तथा आम जनसमुदाय | विकास साझेदार |
| ७ | घरभित्रको धुवाा रहित वडा र नपा घोषणा गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह तथा आम जनसमुदाय | विकास साझेदार |
| ८ | जलवायु परिवर्तनको जोखिम न्यूनिकरण सम्बन्धि कार्य गर्ने निकायहरु बीचमा सञ्जाल, नियमित बैठक र समिक्षा | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| ९ | विपत तथा प्रकोपको सम्वोधनको लागि क्लोरिन झोल, सरसफाई सामग्रीको भण्डारण गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| १० | आपतकालिन खानेपानी र सरसफाई सम्बन्धी कोष स्थापना गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| ११ | खानेपानी तथा सरसफाई आयोजनाको स्रोत संरक्षणको लागि वृक्षारोपण गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |

| | | | |
|---|---|---|---|
| | | आम जनसमुदाय | |
| १२ | भुसंरक्षण, तठबन्धन, नदिखोला छेउमा वृक्षारोपण | सम्बन्धित वाससिसि, स्थानीय तह, आम जनसमुदाय | विकास साझेदार |

## १०. शिप तथा क्षमता बिकास योजना

### १०.१ पालिक स्तर क्षमता बिकास योजना

खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी क्षमता अभिवृद्धि मूलत दिगो रुपमा बानी व्यवहार विकास र योजनाहरुको निर्माण, मर्मत सम्भार र दिगोपना कायम गर्ने कार्यमा केन्ितत रहने छ । तथापि, उक्त क्षमता अभिवृद्धि मार्फत खानेपानि र सरसफाईलाई आयआर्जन, जीविकोपार्जन, पर्यावरणीय सन्तुलन र विपद् व्यवस्थापन आदि पक्षहरु सम्बोधन गर्ने साधनको रुपमा समेत प्रवर्द्धन गरिने छ । खानेपानी सरसफाई तथा स्वच्छता अभियान सम्बन्धी क्षमता अभिवृद्धि गर्दा गाउापालिकामा आवश्यकता अनुसार प्रशिक्षण, अभिमुखीकरण र गोष्ठीहरु संचालन गरिने छ । साथै गाउापालिका तहका विभिन्न सराकारवालाहरुलाइ लक्षित गरी आवश्यकता अनुसार प्रशिक्षक प्रशिक्षण, गोष्ठी, तालिम, अभिमुखीकरण आदि समावेश गरी खानेपानी र पूर्ण सरसफाई म्यानुअल तयारी गरिने छ । यसैगरी मानव मलमुत्रीय फोहोर व्यवस्थापन, फोहोरपानी प्रशोधनका लागि आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएका, ठोस फोहोरमैला व्यवस्थापन, सरसफाई सुरक्षा योजना लगायत आवश्यक विषयहरुका तालिम म्यानुअल समेत तयार गरिने छ ।

| क्र.स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | एमवाससिसिका पदाधिकारी र पालिकाका विषयगत इकाइका फोकल पर्सनका लागि पूर्ण सरसफाई सम्बन्धी अभिमुखीकरण तालिम ( २ दिन) | एम वास सिसि | एमवाससिसि /पालिका /विकास साझेदार |
| २ | आधारभूत तथ्याांक संकलन तथा अद्यावधीकरण | एम, वार्ड वास सिसि | पालिका, विकास साझेदार |
| ३ | गाउापालिकाको वास योजना तर्जुमा कार्यशाला - शुरुमा २ दिन, अन्तिमरुप दिन १ दिन गरि ३ दिन) | एम वास सिसि | पालिका /विकास साझेदार |
| ४ | पालिकाको वास योजना छपाई तथा सार्वजनीकरण | एम वास सिसि | पालिका, विकास साझेदार |
| ५ | एमबास सिसिको नियमित मासिक बैठक | एम वास सिसि | पालिका /विकास साझेदार |
| ६ | पालिका स्तरमा वास योजनाको कार्यान्वयन, उपलब्धी तथा भावी योजना तर्जमु ाका लागि अर्ध बार्षिक तथा बार्षिक समिक्षा गोष्ठी | एम वास सिसि | पालिका /विकास साझेदार |
| ७ | वडा स्तरीय खानेपानी,सरसफाई तथा स्वच्छता समन्वय समितिहरु गठन, कार्य दल र अनुगमन समिति | एम/वार्ड वास सिसि | पालिका/वा.का. वार्ड वास सिसि |

| | | | |
|---|---|---|---|
| | गठन र परिचालन | | |
| ८ | वार्ड वास सिसिका पदाधिकारी र सरोकारवालाहरुको लागि लागि पूर्ण सरसफाई सम्बन्धी अभिमुखीकरण तालिम ( २ दिन) | एम/वार्ड वास सिसि | पालिका /विकास साझेदार |
| ९ | वडाको वास योजना /पूर्ण सरसफाई रणनैतिक योजना तर्जुमा कार्यशाला ( पहिले १ दिन, अन्तिम रुप दिन १ दिन) | वार्ड वास सिसि | एम वास सिसि, पालिका /विकास साझेदार |
| १० | वार्ड वास सिसिको नियमित मासिक बैठक सञ्चालन | वार्ड वास सिसि | एम वास सिसि, विकास साझेदार |
| ११ | वडाहरुको वास योजना छपाई तथा सार्वजनीकरण | वार्ड वास सिसि | एम वास सिसि, पालिका /विकास साझेदार |
| १२ | सरसफाई आचारसंहिता कार्यान्वयन गराउने | एम/वार्ड वाससिसि | पालिका /वडा कार्यालयहरु/ विकास साझेदार, सुरक्षा निकाय |
| १३ | सरसफाई कार्डको व्यवस्था र लागू गर्ने | एम/वार्ड वाससिसि | पालिका /वडा कार्यालयहरु / विकास साझेदार |
| १४ | पालिका स्तर तथा वडा कार्यालयहरुमा सरसफाई कोषको स्थापना, सुदृढिकरण, परिचालन | एम/वार्ड वाससिसि | पालिका/वडाहरु/विकास साझेदार |
| १५ | पालिका तहमा खानेपानी तथा सरसफाई स्रोत केन्द्र स्थापना तथा सुदृढिकरण | एम वास सिसि | पालिका / विकास साझेदार |
| १६ | वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण | एमरवडा वाससिसी, जिजस्वाका | पालिका/वडाहरु/विकास साझेदार |
| १७ | पालिका तहमा खानेपानी,सरसफाई सम्बन्धी दिवस तथा सप्ताह मनाउने | एमवाससिसि | पालिका /वडाहरु/विकास साझेदार |
| १८ | पालिकाबाट वडा स्तरमा समय समयमा गरिने संयुक्त अनुगमन - उपलब्धीको मापन गर्न, उत्प्रेरणा जगाउन) | एमवाससिसि, संयुक्त अनुगमन टोली | पालिका /विकास साझेदार |
| १९ | घोषणा पूर्वको अनुगमन : प्रमाणीकरण तथा स्वीकृतीका लागि पालिकाबाट वडा स्तरबाट अनुरोध भए पछि गरिने संयुक्त अनुगमन | एमवाससिसि संयुक्त अनुगमन टोली | पालिका/वडाहरु/विकास साझेदार |
| २० | सरकारी तथा गैरसरकारी निकाय, दातृ संस्था, एवं जिल्ला र पालिकामा अवस्थित बहु क्षेत्रगत सरोकारवालाहरुसँग समन्वय, बैठक | एम वास सिसि | पालिका, वडाहरु |
| २१ | अनुगमन गर्ने (वास योजनाको प्रभावकारी कार्यान्वयन, उपलब्धीको मापन तथा कार्य योजना पुनरावलोकनका लागि ) | एम वार्ड वास सिसि, अनुगमन टोली | पालिका/वडाहरु/विकास साझेदार |
| २२ | पालिका वडा स्तरमा पूर्ण सरसफाई बारेमा सचेतना जगाउन तथा अभियानलाई निरन्तरता दिन आवश्यक पहिचान गरिएका मानव स्रोतहरुको पूर्ण सरसफाई | एम/वार्ड वाससिसि | पालिका/वडाहरु/विकास साझेदार |

| | | | |
|---|---|---|---|
| | सम्बन्धी क्षमता विकास गर्ने | | |
| २३ | अर्ध बार्षिक /बार्षिक पूर्ण सरसफाई बुलेटिन प्रकाशन गर्ने | एम वास सिसि | पालिका/वडाहरु/विकास साझेदार |

## १०.२ समुदाय स्तर क्षमता बिकास योजना

समुदायस्तरमा तालिमहरु केहि छानिएका व्यक्तिहरु मात्र संलग्न हुने औपचारिक र खर्चिला कार्यकमहरु भन्दा अभियानका रुपमा सबै समुदायहरुलाई समेटने कार्यकमहरु गरिने छ । तथापि केहि क्षमता विकासका कियाकलापहरु गाउा सभाको निर्णय र प्राथमिकताको आधारमा वडाहरुको सिफारिस, गाउापालिका वास समन्वय समिति र गाउा कार्यपालिकाको निर्णय बमोजिम वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याइने छ ।

## ११. पुरक बिषय सवाल (Cross cutting Issues) र सम्बोधन योजना

यस गाउापालिकामा खानेपानी, सरसफाई र स्वच्छताका सवालमा तल उल्लेखित पुरक विषय वा सवालहरु विद्यमान रहेका छन जसलाई सम्वोधन गर्ने योजना यो वास योजनामा परिकल्पना गरिएको छ ।

### ११.१ लैङ्गिक तथा समवेशिकरण मुल प्रबाहिकरण

नेपाल बहुभाषिक, बहुजातिय र भौगोलिक विविधता भएको राज्य हो । समाजमा व्याप्त अन्ध विश्वास र रुढिवादीका अलावा निम्न शैक्षिक स्तरका कारण पनि समाजमा असमानता हरु विद्यमान रहेका छन । जसका कारणबाट समाजमा रहेका बिभिन्न श्रोतहरुको असमान वितरण तथा उपयोगे हुने गरेको छ । यस वास योजनामा खानेपानी तथा सरसफाईका सेवाको न्यायोचित वितरण तथा उपभोग गर्ने सवालमा समेत बिचार पुऱ्याएर योजना छनौट तथा कार्यान्वयन र मर्मत सन्चालन प्रकृया र निति निर्माण तहमा पछाडि पारिएका समुदायहरुको संलग्नताको प्रत्याभुति गरिने छ । योजनाको प्राथमिकिकरणको पहिलो बुदाामा नै पछाडि पारिएका र हाल सम्म उपभोगको अधिकारबाट वन्चित समुदायलाई प्राथमिकतामा राख्ने उल्लेख गरेर जातिय, धार्मिक र अति गरिबीको कारणले बन्चितिमा परेका समुदायहरुमा पहिलो चरणमा नै कार्यकमहरु प्रस्ताव गरी कार्यान्वयनमा जाने परिकल्पना गरिएको छ ।

संविधानमा नै व्यवस्था भए बमोजिम महिलालाई नीति निर्माण तहमा आवद्ध गराउनका लागि विभिन्न समितिहरुको पदाधिकारीमा अनिवार्य संलग्नताको नितिका अलावा महिला मैत्रि वास सेवा निर्माणमा पनि बिशेष ध्यान दिईने छ ।

| क.स | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | पालिकामा पूर्ण सरसफाई बुस्रर लगायतका सूचना, शिक्षा तथा सञ्चारमुलक सामग्रीहरु तयार पार्ने (पोष्टर, गीत, अडियो, भिडियो सडक नाटक आदि) | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| २ | ठाउा ठाउामा पूर्ण सरसफाई सम्बन्धी होर्डिङ्ग बोर्डहरु राख्ने, घर तथा कार्यालयमा आनीबानी परिवर्तन सम्बन्धी | सम्बन्धित वाससिसि, | विकास साझेदार |

| | | | |
|---|---|---|---|
| | फेलेक्स पोष्टर राख्ने | स्थानीय तह, | |
| ३ | Communication Strategy Plan तयार पारी संलग्न निकायहरु बीचमा समन्वय र सहकार्य गरी एकै किसिमका व्यवहार परिवर्तन सम्बन्धी सामग्री ( फेलेक्स, पोष्टर आदि) प्रयोग गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| ४ | पालिका तथा वडा स्तरीय समन्वय समितिहरु, तालिम गोष्ठिहरुमा पछाडि पारिएका वर्गहरुको सहभागिता वृद्धि गर्न अन्तरक्रिया तथा अभिमुखिकरण गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| ५ | पछाडि पारिएका वर्गहरुलाई लक्षित गरी आनीबानी परिवर्तन र सहभागिता वृद्धि सम्बन्धमा अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह | विकास साझेदार |
| ६ | खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा ३३ प्रतिशत र मुख्य पदमा कम्तीमा १ महिलाको प्रतिनिधित्वका लागि उपभोक्ता समितिहरुलाई उत्प्रेरणा जगाउने | सम्बन्धित वाससिसि, स्थानीय तह, खासउस | विकास साझेदार |
| ७ | खानेपानी,सरसफाई तथा स्वच्छता समन्वय समितिहरुमा महिला प्रतिनिधित्व वृद्धि गराउने ( वडा वाससिसीमा ३३ प्रतिशत, अन्यमा सकेसम्म) | सम्बन्धित वाससिसि, स्थानीय तह, खासउस | विकास साझेदार |
| ८ | पालिका तथा वडा तहमा सञ्चालन गरिने जुनसुकै तालिम,गोष्ठीमा आनीबानी परिवर्तन, सामाजिक समावेशीकरणलाई समावेश गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| ९ | सचेतना मूलक खोज मूलक कार्यक्रम प्रसारण तथा प्रकाशन गर्ने एवं प्रमाणमा आधारित पैरवी तथा सञ्चार प्याकेजको प्रयोग गर्ने | सम्बन्धित वाससिसि, स्थानीय तह, | विकास साझेदार |
| १० | खानेपानी उपभोक्ता समितिमा महिला तथा पछि पारिएका वर्गको समानुपातिक र अर्थपूर्ण प्रतिनिधित्व गराउने | सम्बन्धित वाससिसि, स्थानीय तह, खासउस | विकास साझेदार |

## ११.२ प्रयोगकर्ता मैत्री सम्रचना निर्माण योजना

यस वास योजना कार्यान्वयनको शिलशिलामा निर्माण हुने सम्पुर्ण खानेपानी तथा शौचालयका संरचनाहरु प्रयोगकर्ता मैत्री हुनेछन ।

| | |
|---|---|
| महिला मैत्री वास सेवा | • युरिनल सहितको महिला पुरुषका लागि बेग्ला बेग्लै शौचालय<br>• पुरुषको युरिनल करिब ३ फिटको उचाइमा भने महिलाको भुंइमा टायल लगाएको हुनु पर्ने<br>• महिला युरिनलको तरल पदार्थ राम्रो संग बग्ने गरि भिरालोपन मिलाएको हुनुपर्ने |

| | |
|---|---|
| | • शौचालयको ढोका खुला हुंदा पनि चर्पी कोठा र युरिनल बाहिरबाट नदेखिने गरि डिजायन गरिएको हुनु पर्छ<br>• चर्पीको प्रत्येक कोठामा स्यानिटरि प्याड राख्नको लागि ढकन भएको बाल्टिन अनिवार्य राखिएको हुनु पर्नेछ<br>• शौचालयको कोठामा पर्याप्त ठाउ राखिएको हुनु पर्छ |
| बालमैत्री वास सेवा | • बिभिन्न उमेर समुहका बच्चाहरुका लागि चुकल, हात धुने बेसिन र धाराको साइजमा विविधता हुनुपर्ने<br>• शौचालयका भित्तहरुमा बिभिन्न रंगिन सन्देसमुलक चित्रहरु कोरिएको हुनु पर्छ |
| अपाङ्गमैत्री वास सेवा | • कोठाको साइज सामान्य भन्दा ठुलो हुनु पर्ने जसले गर्दा ह्विवल चेयर सजिलै घुमाउन सकियोस<br>• शौचालय जाने बाटो र वरण्डामा पनि ह्विवल चेयर सजिलै जाने खालको फराकिलो बनाउनु पर्ने<br>• भित्रि कोठाको भित्ताहरुमा ह्याण्डलहरु राखिएको हुनु पर्दछ जसको कारणले शारिरक अशक्तता भएका व्यत्तिले सहजताक साथ चर्पी प्रयोग गर्न सकुन<br>• दृष्टि विहिनहरुका लागि विशेष चिन्ह भएको वाटो निर्माण गर्नु पर्ने |
| अन्य | • ढोकाको साइज सबै साइजका व्यक्तिलाई मध्यनजर गरि बनाउन पर्ने<br>• ढोका बाहिर नै हातधुने बेसिन राखिनु पर्ने<br>• ढोका जहिलेपनि भित्र तिर खोलिन पर्ने र ह्याण्डल दाहिने हात तिर पारिनु पर्ने<br>• हात धोएको पानी युरिनल भएर बग्ने बनाउनु पर्ने |

## ११.३ खानेपानी, सरसफाइ र स्वछताका अन्तरनिहित बिषयहरु र सम्बोधनका उपायहरु

| क्र.सं. | अन्तर्सम्बन्धित विषयहरु | सम्बोधन गर्ने उपायहरु |
|---|---|---|
| १ | सामाजिक समावेशीकरण | • हरेक तहका समन्वय समिति तथा कार्यदलहरुमा समुदायका सवै वर्ग र समूहको प्रतिनिधित्व सहित कम्तिमा पनि ३३% महिलाको सहभागिता सुनिश्चित गर्ने ।<br>• लैंगिक तथा सामाजिक वर्ग, समूहका संवेदनशील तथ्यांक तैयारी गर्ने ।<br>• क्षमता अभिवृद्धिका क्रियाकलाप संचालन गर्दा अनिवार्यत: लैंगिक सन्तुलन कायम गरी सहभागीहरुको चयन गर्ने ।<br>• पूर्ण सरसफाइ जनचेतनामूलक सामग्री विकास गर्दा लैंगिक पक्ष र समावेशितामा ध्यान दिने ।<br>• लैगिक, अपांग, बाल, वृद्ध सम्वेदनशील सुविधाहरु प्रवर्द्धन गर्ने ।<br>• आयआर्जन र जीविकोपार्जनमुखी सरसफाइका क्रियाकलापहरु प्रवर्द्धन गर्ने |
| २ | पोषण (जन- | • सरसफाइ र पोषणको अन्तरसम्बन्ध झल्किने गरी शैक्षिक एवं |

| | | |
|---|---|---|
| | स्वास्थ्यको कार्यक्रमहरुसंग बढी सम्बन्धित) | जनचेतनामूलक सामग्री विकास तथा प्रचार प्रसार गर्ने ।<br>● गरिबी निवारण र पोषणसाग सम्बन्धित कार्यक्रम संचालन गर्दा चर्पी निर्माण र प्रयोग एवं साबुन पानीले हात धुने क्रियाकलापको सुनिश्चितता गर्ने ।<br>● सुरक्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु संचालन गर्दा चर्पी प्रयोग र साबुन पानीले हात धुने क्रियाकलापहरुलाई प्राथमिकता दिने ।<br>● स्वास्थ्य मन्त्रालयद्वारा संचालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसाग खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलाप तथा सुविधाहरु प्रवर्द्धन गर्ने । |
| ३ | मासिक धर्म स्वच्छता ( महिनावारी स्वच्छता ,जनस्वास्थ्य र शिक्षासंग प्रत्यक्ष सम्बन्धित) | ● विद्यालय, सार्वजनिक भवन र सरकारी तथा गै.स.स. कार्यालयहरुमा अनिवार्यतः चर्पीको साथमा महिनावारीसंग सम्बन्धित पक्षहरु (जस्तै स्यानीटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामग्रीहरु सफा गर्ने, फेर्ने, ˆयाल्न र जलाउन मिल्ने सुविधाहरु) समेतको व्यवस्था गर्ने ।<br>● सरसफाइ सम्बन्धी विद्यालय र समुदाय स्तरीय क्रियाकलापहरु संचालन गर्दा महिनावारी स्वच्छताका विषयहरु समावेश गर्ने ।<br>● महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामग्री, स्यानीटरी प्याडको निर्माण, विकास तथा प्रचारप्रसार गर्ने । |
| ४ | जलवायु परिवर्तन ( वातावरण, विज्ञान र प्रविधि, अनुसन्धान, जलश्रोत, जनस्वास्थ्य आदिसंग बढी सम्बन्धित) | ● जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना गर्ने ।<br>● जलवायु परिवर्तनले खानेपानी तथा सरसफाइ क्षेत्रमा परेको असरहरुको वैज्ञानिक तथ्यहरु व्यवस्थित गर्न त्यसका आधारमा सुधारका योजनाहरु तर्जुमा गर्ने।<br>● विद्यालय तथा विश्व विद्यालय तहका पाठ्यपुस्तकहरुमा जलवायु परिवर्तन सम्बन्धी विषयहरु समावेश गर्ने ।<br>● वर्षात्को पानी संकलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको विस्तार गरी जलवायु परिवर्तनको जोखिम न्यूनिकरण गर्ने ।<br>● जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमा प्रयोग भइ रहेका सामग्रीहरुको न्यून रुपमा प्रयोग गर्न जनचेतनामूलक क्रियाकलाप संचालन गर्ने ।<br>● जलवायु परिवर्तनको सवाललाई खानेपानी संस्थाको क्षेत्रको नीतिभित्र समावेश गर्न दीर्घकालीन र दिगो व्यवस्थापनको कार्यक्रम संचालन गर्ने ।<br>● अनुगमनका क्षेत्रगत सूचकहरु तयार गर्दा जलवायु परिवर्तनका सवाल/मुद्दाहरु समावेश गर्ने ।<br>● जलवायु परिवर्तनको असर न्यूनिकरणसाग सान्दर्भिक पद्धति, प्रविधि, मौलिक ज्ञान तथा सीप, क्षमता अभिवृद्धि, सूचना प्रणाली, वैकल्पिक उपायहरु आदि सम्बन्धी विषयहरुमा अनुसन्धान र विकास गर्ने । |
| ५ | आपत्कालिन पूर्व तैयारी (गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, | ● आपत्कालीन अवस्थामा जोखिम आाकलन र खानेपानी, सरसफाइ, तथा स्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्ने विभिन्न तहका समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गर्ने |

| | | |
|---|---|---|
| | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय आवाससंग सम्बन्धित) | • विभिन्न क्लस्टरहरुसाग वास क्लस्टरको समन्वय गर्ने ।<br>• विपद् सम्बन्धी योजना सहित सेवा सुविधाको मानक तथा नर्म्स र सहयोगका प्याकेज समेटी रणनीतिक कार्य योजना तयार गर्ने<br>• जोखिमको नक्सांकन गर्ने<br>• आपत्कालिन सरसफाइ कोष स्थापना गर्ने ।<br>• क्लोरिन र औषधिको भण्डारण मजबुत राख्ने ।<br>• चर्पी निर्माण गर्ने सामग्रीको यथेष्ठ भण्डारण गर्ने ।<br>• पानीको गुणस्तर जााच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।<br>• विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहजकर्ता/स्वयंसेवकहरु परिचालन गर्ने ।<br>• मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।<br>• आपत्कालिन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्धतिको विकास र अवलम्बन गर्ने ।<br>• हरेक जिल्लामा जगेडा कोष व्यवस्थापन गर्ने ।<br>• स्वयंसेवकको व्यापक परिचालन गर्ने ।<br>• सूचना व्यवस्थापन सुदृढ गर्ने ।<br>• विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।<br>• हरेक तहका समन्वय समितिहरुलाई बजेट व्यवस्थापन, समन्वय, मानव संसाधन परिचालन, कोष व्यवस्थापन, सूचना व्यवस्थापन र अनुगमनका कार्यमा जिम्मेवार बनाउने । |
| ६ | बानी व्यहोरा विकास तथा परिवर्तन | • मौजुदा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यहोराको विश्लेषण गर्ने ।<br>• लक्षित समूहको लेखाजोखा र क्षमता अभिवृद्धि गर्ने<br>• अपेक्षित बानी व्यहोराको पहिचान गर्ने ।<br>• बानी व्यहोरा विकास तथा परिवर्तनमा बाधा पुर्‍याउने र सहयोग गर्ने पक्षहरुको खोजी गर्ने ।<br>• लक्षित समूहले रुचाउने सन्देश पहिचान गर्ने ।<br>• सामग्री र माध्यमहरुको चयन गर्ने ।<br>• संचार तथा तालिम आवश्यकता पहिचान गर्ने ।<br>• प्रमाणमा आधारित पैरवी तथा संचार प्याकेजहरुको प्रयोग गर्ने ।<br>• अपेक्षित बानी व्यहोरा हासिल हुन सके नसकेको अनुगमन र मूल्यांकन गर्ने । |

## १२. अनुगमन मुल्याङ्कन र वाश योजना पुनरावलोकन

## १२.१ योजना कार्यनवयन अवधारणा

पालिकाको वास योजनालाई पालिका परिषदमा अनुमोदनका लागि पेश गरिनेछ । पालिका परिषदबाट पास भएपछि छपाई गरी एक औपचारिक कार्यक्रमबाट सार्वजनीकरण गरिने छ । वास योजनाको कार्यान्वयन पक्षलाई थप प्रभावकारी तथा लक्ष्य केन्द्रित बनाउन अर्धबार्षिक तथा बार्षिक समीक्षा गोष्ठीको आयोजना गरिने छ । वास योजनामा प्रक्षेपण गरिएको अनुमानित बजेट र गाउापालिका स्तरमा हाल उपलब्ध तथा उपलब्ध हुन सक्ने बजेट बीचको असन्तुलन लाई हटाउन नेपाल सरकारसाग थप बजेट तथा कार्यक्रम माग गर्ने, दातृ निकायहरुसाग समन्वय गरिने छ ।

यो खासस्व योजना गाउापालिकावाट औपरिचारिक रुपमा पारित भएपछि यस योजनाले निर्धारण गरेको उद्देश्य हासिल गर्ने दायित्व स्वतः स्थानीय तहको हुनेछ । वैधानि रुपमा यस योजनाको कार्यान्वयनको जिम्मेवारी गाउापालिकाको अध्यक्षको अध्यक्षतामा गठन हुने गाउापालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिती (Rural Municipality level Water Sanitation and Hygiene Coordination Committee-RM-WASH-CC) को हुनेछ । गाउापालिका स्तरमा समन्वय, श्रोत पहिचान, परिचालन, अनुगमनको मूख्य जिम्मेवारि यस समन्वय समितीको भएपनि यसको सहयोगी हातको रुपमा प्रत्येक वडाका वडा अध्यक्षको अध्यक्षतामा गठन हुने वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिती (Ward level Water Sanitation and Hygiene Coordination Committee-W-WASH-CC) ले वडा भरिको खासस्व सम्वन्धि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र समन्वय सहकार्यको भुमिका निर्वाह गर्नेछ । त्यसै गरी वडाले टोल स्तरमा पनि टोल स्तरीय समन्वय समिती गठन गरी परिचालन गर्नेछ । यसरी यो योजना कार्यान्वयनको औपचारिक रुपमा समुदायदेखि गाउापालिका तहसम्मको संरचना तयार हुनेछ ।

यो योजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक तथा मानवीय श्रोत जुटाउनको लागि वडा र गाउापालिकाले नियमित रुपमा वार्षिक बजेटमा यस सम्वन्धि कार्यकम समावेश गर्दै जानेछन । वास योजनामा प्रक्षेपण गरिएको अनुमानित बजेट र गाउापालिका स्तरमा हाल उपलब्ध तथा उपलब्ध हुन सक्ने बजेट बीचको असन्तुलन लाई हटाउन नेपाल सरकारसाग थप बजेट तथा कार्यक्रम माग गर्ने, दातृ निकायहरुसाग समन्वय गरिने छ ।भौतिक श्रोत जुटाउनको लागि घरपरिवारले पनि यथासक्य सहभागिता जनाउनेछन । स्थानीय तहलाई कार्य क्षेत्र वनाइ कार्यकम सञ्चालन गर्न आउने विभिन्न गैर सरकारी तथा दातृ निकायहरुले खासस्व सम्वन्धि कृयाकलापमा खर्च गर्ने बजेट यस योजनामा उल्लेखित कृयाकलापमा खर्च गर्ने द्विपक्षीय समझदारि गरिनेछ र सोहि अनुरुप एकद्धार प्रणालीवाट कार्यकम सञ्चालन गरिनेछ ।

## १२. २ अनुगमन योजना

### १२.२.१. अनुगमन ढााचा तथा पद्धति

गाँउपालिका र वडा तहमा अनुगमन प्रणाली स्थापना गरिनेछ । गाँउपालिका तहका वाश कियाकलापहरुको आवधिक अनुगमन गर्ने जिम्मेवारी गााउपालिका स्तरीय समन्वय समिति अन्तर्गतको मुख्य कार्यदलको हुनेछ । वडा र समुदाय तहमा पनि अनुगमन कार्यदल गठन गरिनेछ । जसमा वडाका सदस्य सहित राजनीतिक दलका सदस्य,नागरिक समाज, शिक्षा, स्वास्थ्य एवं संचार क्षेत्रबाट आवश्यक प्रतिनिधि समावेश गरी गठन गरिनेछ । विभिन्न तहका समन्वय समिति अन्तगर्त गठित अनुगमन दल योजनामा समावेश कियाकलापहरुको लेखाजोखा तथा अवलोकलन गर्नेछ । यसका लागि उद्धेश्य, प्रकृया, प्रभाव सम्बन्धी सुचकहरु विकास गरिनेछ । स्थानीय उपभोक्ता समिति,उपभोक्ता, कार्यकम संचालन गर्ने निकाय नागरिक समाज आदिको उपस्थितिमा अनुगमनका कियाकलापहरु गरिनेछ ।

### १२.२.२. सूचक

खानेपानी, सरसफाई र स्वच्छता कार्यक्रमका आधारभूत सुचकहरु विकास गरिनेछ। यस्ता सुचकहरु विकास गर्दा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी नीति , नियम ,मार्गदर्शन र सम्बन्धित योजनाको उदेश्य र कार्यपद्धति लगायतका संरचनालाई ध्यान दिइनेछ।

### १२.२.३. अनुगमनको तह

अनुगमनको तह यसप्रकार हुनेछ

- समुदाय स्तर
- वडा स्तर
- गाँउपालिका स्तर

### १३.२.४. अनुगमन विधी

- पालिका तथा वडा वास समानवय समिती
- स्वअनुगमन सहभागिता मुलक संयुक्त अनुगमन
- सुरुवाती मध्यावधी तथा अन्तिम अनुगमन
- चरण् बद्ध अनुगमन

## १३. योजना परिमार्जन

गााउपालिकामा गुरुयोजना परिमार्जन गर्नका लागि गााउपालिका वास समन्वय समितिको सिफारिसमा प्रत्येक ३ वर्षमा अद्यावधिक वा परिमार्जन गरेर गााउ सभाबाट पारित गरिनेछ।

## १४. वास योजना स्विकृती र अवधी

वास योजना स्थानिय तहले स्विक्रित गरेर पारित गरेको मिती देखि लागु हुनेछ।


AH2
Bhairahawa Tau
Taulihawa Rd
5
Wardwise households
1
2
3
4
5
6
7
8


Waste_collection
Municipality
Private Sector
Self Disposal
5


AH2
Bhairahawa-Taulihawa Rd
Taulihawa Rd
Reliability_of_water
10 to less than 11
11 to less than 12
12month
Less than 10
5



AH2
Bhairahawa-Taulihawa
Water quality (Turbidity)
Clean round the year
Turbid during rainy season
Turbid round the year



AH2
Bhairahawa-Taulihawa Rd
Taulihawa Rd
5
Waste_Disposal
burnt/buried safely
throw some where